जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

सांसदलाई सक्रिय बनाउनुपर्ने सांसद लिम्बूको भनाई | पृष्ठ ५ मा



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ • अंक २२७ • २०८० साल पुस २९ गते आइतबार (14 January, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## किर्ते नागरिकता प्रकरण : प्रमाण गायब

# १३ महिना अगाडि प्रमाण लुकाउन १० लाखको चलखेल भएको आशंका

**अनिल तिवारी**

वीरगञ्ज । किर्ते गरी नागरिकता प्रमाण पत्र दिलाएको अभियोग लागेको वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह श्रेष्ठले १३ महिना पूर्व प्रमाण नष्ट गराएको आरोप पनि लागेको छ ।

मेयर सिहले किर्ते गरी युवतीलाई नागरिकता दिलाएको प्रकरण झन पेचिलो बन्दै गएको छ । नागरिकता पाउन पेस गरिएका प्रमाणहरु जिल्ला प्रशासन कार्यालय पर्साबाट गायब भएको बताइन्छ। जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी उमेश ढकालको समयमा प्रमाणहरु गायब गरिएको आशंका गरिएको छ ।

मेयर श्रेष्ठका ठेक्कापट्टाका पूर्वसहकर्मी एवम छिमेकीसमेत रहेका नुरेनबी ठकुराईले यो नागरिकता पाउन पेस गरिएका प्रमाणका प्रतिलिपिहरु माग गरेपछि सूचना गायब गरिएको स्रोतले जनाएका छन् । 'ठूलो रकमको चलखेलमा अनुसूची फर्म र जन्मदर्ताको प्रमाणहरु गायब गरिएको हो, यसो त त्यसबेला १०लाख रुपैयाँको चलखेल भएको चर्चा जिल्ला प्रशासन कार्यालयमा भएको थियो'नाम उल्लेख नगर्ने सर्तमा स्रोतले भने ।

वीरगञ्ज महानगरपालिका वार्ड नम्बर ३ बस्ने नुरेनबी ठकुराईले २०६९ मंसिर ११ गते सूचना पाउन जिल्ला प्रशासन कार्यालय पर्सामा निवेदन दर्ता गराएका थिए । सूचनाको प्रतिलिपि ऐन ७ को २ बमोजिम सूचनाको हक पाउन पेस गरिएको निवेदनमा तत्कालीन प्रमुख जिल्ला अधिकारी उमेश ढकालले तोक लगाएपछि दर्ता गरिएको थियो । जसको दर्ता नम्बर ११ सय १८ रहेको छ । नुरेनबीले दर्ता गराएको निवेदनमा वीरगञ्ज महानगरपालिका वडा नम्बर ३बस्ने राजेशमान सिहले जिल्ला प्रशासन कार्यालय पर्साबाट सनाखत गरी कति जनालाई नागरिकता दिलाएको र उनका कतिजना छोरा छोरीहरु छन् र कतिजना छोरा छोरीलाई उनले नागरिकता दिलाएको भन्दै निवेदनमा उल्लेख गरिएको छ । नागरिकता लिन पेस गरिएको प्रमाणका सबै प्रतिलिपिहरु समेत माग गरिएको थियो ।

'सूचनाको हकअनुसार प्रमाणका सबै प्रतिलिपि माग गर्दै निवेदन दर्ता गराउन जाँदा सीडीयो साहबले 'ओके भन्दै निवेदनमा तोक लगाए ' नुरेनबीले भने,'त्यसपछि म लागायत नेपाली कांग्रेसका सभापति महमद साहबुदिनजी जिल्ला प्रशासन कार्यालयमा लगातार तीन चार दिन गयौ,तर प्रतिलिपि दिन आनाकानी गरियो ।'

अन्तिममा सिडियो साहबले नै बोलाएर "व्यक्तिगत नागरिकता सम्बन्धी विवरणका प्रमाणहरु परिवारबाहेक अरु कसैलाई दिन नमिल्ने" भन्दै हामीलाई फर्काएको नुरेनबीले बताए ।

मेयर राजेशमान सिहले छोरी बनाएर अरुलाई नागरिकता दिलाएको कुरा नुरेनबीको निवेदनपछि



जिल्ला प्रशासन कार्यालयमा चर्चाको विषय बनेको थियो । किर्तेको वास्तविकता थाहा पाएपछि हाकिमहरुको ठूलो चलखेल भएको समाचार स्रोतको दाबी छ ,'उनको निवेदनपछि तीनचार दिनको ठूलो चलखेलमा प्रमाण लुकाउने काम भएको हो ।'

नगर प्रमुख सिंहले नागरिकतामा किर्ते गरेको भन्दै नेपाली कांग्रेसका क्षेत्रीय सभापति महमद साहबुदिनले कारयवाहीको निवेदन दर्ता गराएको लगभग एक हप्ता हुन लागेको छ । श्रेष्ठको नागरिकता प्रकरणबारे छानबिन गर्न गठित समितिले तीन दिनदेखि खोजेको फाइल फेला पार्न सकेको छैन ।जसले गर्दा यो प्रकरण झन पेचिलो र शंकास्पद बन्दै गएको छ ।

कार्यालय स्रोतका अनुसार रुबिनाको नागरिता लिन पेस गरिएका मुख्य प्रमाणहरु नुरेनबीको निवेदन पछि नै गायब पारिएको छ । जसमा आमा बुवाको नाता प्रमाणित हुने जन्मदर्ताको प्रमाणदेखि जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रदान गर्नु अगाडि फोटो सहित वडाबाट सिफरिस गरिएको अनुसूची फारम जसमा आमा, बुवा वा परिवारका व्यक्तिले दुबै औठा सहितको हस्ताक्षर गरी सनाखत गरेको हुन्छ । रुविना श्रेष्ठको नागरिकताबारे गरिरहेको छानबिनमा अहिलेसम्म ढड्डाबाहेकको अन्य प्रमाण फेला नपरेको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताएका छन् ।

छानबिन समितिले डेडिकेटेड भएर छानबिन गरिरहेको छ । ' प्रकरणसँग सम्बन्धित मुख्य कागजातहरु अहिलेसम्म भेटिएको छैन' उनले भने, जसले गर्दा अनुसन्धान अगाडि बढन नसकेको हो ।'

समयसीमा भित्र कागजात फेला नपरे त्यसपछि अर्को बाटो अवलम्बन गर्ने तयारीमा



प्रमुख जिल्ला अधिकारी भुसाल रहेको बुझिएको छ । केही कर्मचारीले नियतवश नै अनुसूची फर्म बेपत्ता बनाएको देखियो भने हदैसम्मको कारवाही गर्ने तरखरमा प्रमुख जिल्ला अधिकारी भुसाल रहेको बुझिएको छ ।

नागरिकता किर्ते प्रकरणको बारेमा ५ दिन भित्रमा अनुसन्धान प्रतिवेदन पेस गर्न निर्देशन दिइएको भुसालले बताए । मेयर सिंहले भने नागरिकता प्रकरणमा जवाफ दिन वा सञ्चार माध्यमहरुसंग खुलेर कुरा गर्न आनाकानी गर्दै आएका छन् । नगर प्रमुख सिंहले आफ्नो व्यक्तिगत सामाजिक सञ्जालको वालमा 'कुनै प्रश्नको जवाफ समयले दिने गर्छ ,जुन जवाफ समयले दिन्छ त्यो एकदम सुन्दर हुनेगर्छ ।' उल्लेख गर्दै सार्वजनिक गरेका छन ।

## मेयरकासल्लाहकारलाई दुर्व्यवहार

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेश मान सिंहका राजनीतिक सल्लाहकार महेश दासलाई दुर्व्यवहार गरिएको छ । जसपावाट विजयी भएका मेयर सिंहले एमाले निकट प्रेस चौतारीका महेश दासलाई राजनीतिक सल्लाहकारमा राखेको भन्दै आलोचना गरेपछि विवाद उत्पन्न भएको थियो ।

प्रेस चौतारीका सदस्यहरु शनिवार पिकनिक गएको बेला सल्लाहकार दासलाई जितेन्द्र साह र अनुप तिवारीले जथाभावी भनेपछि राजन रौनियारले अभद्र व्यवहार गर्ने प्रयास समेत गरेका थिए ।

मेयर सिंह अहिले नागरिकता सम्वन्धी विवादमा घेरिएका छन् । मेयर सिंहका सल्लाहकार बनेपछि संगठन प्रति समेत अविश्वास बढेको भन्दै उनीहरुले आलोचना समेत गरेका थिए ।

## ३ वटा दुर्घटनामा १९ को मृत्यु

**टुडे समाचारदाता**

काठमाण्डु । देशमा एकै दिन भएको तीनवटा छुट्टाछुट्टै सडक दुर्घटनामा कम्तीमा १९ जनाको मृत्यु भएको छ । नेपालगञ्जबाट काठमाण्डु आउँदै गरेको नमस्ते यातायातको भे १ ख ३९१२ नम्बरको बस दाङको भालुवाङस्थित राप्ती नदीमा खस्दा १२ जनाको मृत्यु भएको थियो । दुर्घटनामा २३ जना घाइते भएका छन् ।

काठमाण्डुबाट मकवानपुरको चित्लाङतर्फ शनिवार जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ नम्बरको कार दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ। एक जना घाइते भएका छन्।

चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरामा भएको दुर्घटनामा ४ जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बागलुङको ढोरपाटन नगरपालिका-५ अस्तुमा शनिवार भएको जीप दुर्घटनामा २ जनाको मृत्यु भएको छ । ९ जना घाइते भएका छन् ।






## टिपर र स्काईभेटर नियन्त्रणमा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले अवैध रुपमा उत्खनन् गरिरहेको टिपर र स्काईभेटर नियन्त्रणमा लिएको छ।

महोत्तरीको बर्दिबास नपा-७ रातो नदीमा अवैध रुपमा ढुङ्गा, गिट्टी, उत्खनन गरी लोड गरेर लाँदै गरेको अवस्थामा जिल्लाबाट खटेको प्रहरी टोलीले चेक जाँचको क्रममा स्टोक प्रमाणित नरहेको भन्दै एउटा टिपर र नम्बर खुल्न नसकेको एउटा स्काईभेटर नियन्त्रणमा लिइ आवश्यक कारवाहीकोलागि बर्दिबास नगरपालिकामा पठाएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# फागुनमा माओवादी केन्द्रको विधान सम्मेलन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले आगामी फागुनको पहिलो साता विधान सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ । पार्टी मुख्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकले फागुन १ देखि ३ गतेसम्म सम्मेलन आयोजना गर्ने निर्णय गरेको सो पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए।

बैठकले विधान सम्मेलनको प्रतिनिधि छनोटको आधारसमेत तय गरेको उपाध्यक्ष सापकोटाले




जानकारी दिए। बैठकमा विभिन्न पार्टीसँग एकताका विषयमा पनि छलफल भएको थियो। बैठकले पार्टी एकताका लागि पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा एकता संयोजन समिति बनाएको छ।

बैठकमा प्रधानमन्त्री एवं अध्यक्ष दाहालले मुलुकको समग्र परिस्थितिका बारेमा 'ब्रिफिङ' गरेको प्रवक्ता सापकोटाले जानकारी दिए।

स्थायी समितिमा दशवटै प्रदेश इन्चार्जले हालै सम्पन्न अभियानका बारेमा संक्षिप्त प्रस्तुत दिएका थिए। माओवादीले पार्टी रुपान्तरणका लागि गत भदौदेखि चारमहिने अभियान सञ्चालन गरेको थियो।

# राप्तिमा भएको बस दुर्घटनामा मृतकको संख्या १२ पुग्यो

**टुडे समाचारदाता**

जानकी । बाँकेको नेपालगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको यात्रुबाहक बस दाङको भालुबाङस्थित राप्ति नदीमा खस्दा मृत्यु हुनेको संख्या १२ पुगेको छ। दाङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रामबहादुर केसीका अनुसार गए राति १ बजेसम्म मृत्यु हुनेको संख्या १२ पुगेको हो। उनका अनुसार हालसम्म आठ यात्रुको मात्र सनाखत हुन सकेको छ। अन्य मृतकको सनाखत हुन सकेको छैन। शवलाई लमहीस्थित लमही अस्पतालमा राखिएको छ।




दुर्घटनामा मृत्यु हुनेमा मकवानपुरको हेटौंडाका ३९ वर्षीय सौरभ विष्ट, काठमाडौंको चन्द्रागिरि नगरपालिका-१५ का ६५ वर्षीय ताराकान्त पाण्डे, भारत उत्तर प्रदेशका ३१ वर्षीय मुने, जुम्लाको चन्दननाथ नगरपालिका-९ का ४० वर्षीय मुनबहादुर रावत, बाँकेका २० वर्षीय रामबहादुर हरिजन, रुकुमको गोतामकोट-९ का २५ वर्षीय दीपक डाँगी, भारत विहारका ६७ वर्षीय योगेन्द्र राम तथा बाँकेको नेपालगञ्जकी ६० वर्षीया कुसुम बस्नेत रहेको प्रहरीले जनाएको छ।

दुर्घटनामा परी घाइते भएकामध्ये आठ जनाको बाँकेको कोहलपुरस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिए। उनका अनुसार पाँचवटा एम्बुलेन्समा घाइतेलाई शिक्षण अस्पताल ल्याइएको थियो।

इलाका प्रहरी कार्यालय भालुवाङका प्रहरी निरीक्षक उज्वलबहादुर सिंहका अनुसार नमस्ते यातायातको भे१ख ३९१२ नम्बरको बस गए राति १०:३० बजे राप्ति नदीमा खसेको हो। प्रहरीले बसका चालक सल्यान घर भएका २८ वर्षिय लालबहादुर नेपालीलाई नियन्त्रणमा लिएको छ।


# माघ १ गतेदेखि मेलम्चीको पानी काठमाडौंमा वितरण हुन्छ : मन्त्री यादव

काठमाण्डु । खानेपानीमन्त्री महिन्द्रराय यादवले आगामी माघ १ गतेदेखि काठमाडौंमा मेलम्चीको पानी वितरण गरिने बताउनुभएको छ।

सुन्दरीजलस्थित मेलम्चीको पानी प्रशोधन केन्द्रको शनिबार अनुगमन तथा निरीक्षण गर्नुहुँदै मन्त्री यादवले भन्नुभयो, "मेलम्चीको पानी सुन्दरीजलमा आइपुगेको छ, माघ १ गते बिहान ९ बजेदेखि काठमाडौंमा वितरण सुरु हुन्छ।"

उहाँले लक्ष्यभन्दा पहिले नै सुन्दरीजलमा पानी आइपुगेको भन्दै अब बाह्रै महिना काठमाडौंमा मेलम्चीको पानी वितरण हुने दाबी गर्नुभयो। काठमाडौंका विभिन्न ठाउँमा पानी विरतण हुने पाइप बिग्रिएकाले मर्मत गर्न र खानेपानी मिटर जडान गर्न निर्देशन दिनुभयो।

त्यस अवसरमा मेलम्ची खानेपानीको आपूर्ति निर्वाधरूपमा सुनिश्चित गर्न मेलम्ची खानेपानी विकास



समितिका वरिष्ठ डिभिजनल इन्जिनियर पमदबहादुर कुँवरको संयोजकत्वमा एक समितिसमेत गठन गरिएको थियो।

मेलम्चीको पानी माघ १ गतेदेखि अनामनगर, मीनभवन, महाँकालचौर, रिगनी, भक्तपुर, खुमलटार, बालाजु र बाँसबारी क्षेत्रमा क्रमिकरूपमा वितरण गरिने खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सिन्धुपाल्चोकको अम्बाथानबाट बुधबारदेखि सुरुङमा छाडिएको पानी सुन्दरीजल आइपुगेको छ, खानेपानीको परिमाण मापन गरी क्रमिकरूपमा काठमाडौंका सबै क्षेत्रमा वितरण गरिने छ।"

सुन्दरीजलमा पानी जम्मा गरी प्रेसर पुगेपछि यसलाई प्रशोधन गरिने र दुई दिनपछि वितरण गर्ने तयारी भइरहेको मेलम्ची खानेपानी विकास समितिका वरिष्ठ डिभिजनल इन्जिनियर पमदबहादुर कुँवरले बताउनुभयो।

बाढी तथा पहिराका कारण अवरुद्ध भएको मेलम्चीको पानी बुधबार साँझबाट फेरि आपूर्ति सुरु गरिएको हो। यही पुस ३ गते मेलम्ची खानेपानी विकास समिति र निर्माण व्यवसायी सिनो हाइड्रोबीच २८ दिनमा मेलम्चीको पानी काठमाडौं ल्याउनेगरी भएको सहमतिअनुसार बुधबार साँझबाट सुन्दरीजलमा पानी आउन सुरु भएको सुन्दरीजल पानी प्रशोधन शाखाका प्रमुख दीपेश ढकालले जानकारी दिनुभयो।

कुल २८ दिनको कार्ययोजनासहित पानी पथान्तरण सुरु गरिएको भए पनि २१ दिनमै हेलम्बुबाट सुन्दरीजल पानी पथान्तरण गरिएको उहाँको भनाइ छ । मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी काठमाडौं आउने मेलम्ची खानेपानी विकास समितिका आयोजना निर्देशक जक्की अहमद अन्सारीले जानकारी दिनुभयो। रासस

# नेपाली सेनाको योगदानप्रति उपप्रधानमन्त्रीको प्रशंसा

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले जाजरकोट र रुकुमपश्चिम भूकम्पका घाइतेको खोज, उद्धार, राहत वितरण र पुनःस्थापनामा नेपाली सेनाले पुऱ्याएको योगदानको प्रशंसा गरेका छन् । उत्तरपश्चिम पृतना



हेडक्वार्टर सुर्खेतको निरीक्षण गर्दै उनले सेनाको योगदान र पेशागत दक्षताको उच्च प्रशंसा गर्दै सोका लागि सरकार र आफ्नो तर्फबाट पनि विशेष धन्यवाद दिएको उनको सचिवालयले जनाएको छ।

"सीमित स्रोत, साधन र सुविधाको बाबजुद नेपाली सेनाले अहोरात्र राष्ट्र र जनताको सेवामा समर्पित रही काम गर्दै आएका छन्।

आफ्नो कार्य सम्पादनका क्रममा नेपाली सेनाले भोग्नुपरेका समस्या तथा अप्ठ्याराहरूलाई नेपाल सरकारले महसुस गरेको छ", रक्षामन्त्री खड्काले भने, "ती समस्या तथा अप्ठ्याराहरूलाई आगामी दिनमा सरकारले क्रमशः सम्बोधन हुनेछन्।"उपप्रधानमन्त्री खड्काले कर्णाली प्रदेश तथा सुर्खेत जिल्लामा नेपाली सेनालाई तालिम इलाका, ब्यारेक तथा अस्पताल निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने प्रकृया अगाडि बढाइएको जानकारी गराए । राष्ट्रिय सुरक्षाको प्रमुख पहरेदारका रुपमा रहेको नेपाली सेनाले देशभित्र मात्रै नभइ विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा संयुक्त राष्ट्र सङ्घको झण्डा मुनी रहेर शान्ति स्थापनामा विशेष योगदान दिएको भन्दै रक्षामन्त्री समेत रहनुभएका खड्काले नेपाली शान्ति सैनिकले विश्व शान्तिदूतका रुपमा खटिएर पूरा गर्दै आएको भूमिकाको अन्तर्राष्ट्रिय जगतबाट सधै उच्च प्रशंसा हुने गरेको बताए। यसबाट नेपालको राष्ट्रिय गौरव र अन्तर र्राष्ट्रिय क्षेत्रमा थप योगदान पुगेको उनको भनाइ थियो।

उपप्रधानमन्त्री खड्काले अन्तर्राष्ट्रिय शान्ति स्थापनाको गहन जिम्मेवारी पूरा गर्ने प्रमुख आधारशिला नै नेपाली सेनाको व्यावसायिक दक्षता रहेको र यसै कारणले नै शान्ति सैनिकका रूपमा नेपाली सेनालाई संयुक्त राष्ट्र सङ्घले प्राथमिकता दिने गरेको चर्चा गरे। "नेपाली सेनाको व्यावसायिक क्षमतालाई सधैँ उच्च राख्न हामीले जोड दिनुपर्ने खाँचो छ। यसका लागि नेपाली सेनामा तालिम, प्रशिक्षण, भौतिक संरचना तथा सैन्य उपकरणहरूको पर्याप्त व्यवस्था गर्न राज्यले निरन्तर जोड दिँदै आएको छ।"

उपप्रधानमन्त्री खड्काले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि अनुशासाशित र व्यवसायी फैजी संगठनको रुपमा नेपाली सेना अहोरात्र खट्दै आइरहेको उल्लेख गरे। "नेपाली सेनाले यस क्षेत्रमा पनि भौतिक पूर्वाधार निर्माण, राष्ट्रिय निकुञ्ज सुरक्षा एवम् विपद् व्यवस्थापन तथा नागरिक(सैनिक सम्बन्ध सुदृढीकरण लगायतका महत्त्वपूर्ण काम गरि रहेको भन्दै उनले भने, "यस पृतना अन्तर्गत कर्णाली प्रदेशका विकट तथा संवेदनशील क्षेत्रका विभिन्न स्थानमा तैनाथ रही गर्दै आउनु भएको सेवा प्रशंसनीय छ।"

## सवारी चालक अनुमतिपत्र छपाइ नरोकिने

**टुडे समाचारदाता**

चितवन। भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालाले सवारी चालक अनुमतिपत्र छपाइ नरोकिने बताएका छन् । ड्राइभिङ स्कुल सङ्घको पाँचौं महाधिवेशनलाई आज यहाँ सम्बोधन गर्दै उनले माघ १ गतेदेखि लाइसेन्स छपाइ सुरु हुने बताए।

मन्त्री ज्वालाले भने, "आज मात्रै ६ लाख कार्ड ल्याइएको छभने अन्य ६ लाख कार्ड ल्याउने तयारीमा छौं । लाइसेन्स छपाइ र वितरण नरोकिने गरी काम अघि बढाउँछौं ।" उनले भने, "माघ १ गतेदेखि १३ लाख कार्ड छपाइमा जान्छ, अनि समस्या हट्दै जान्छ।"

बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले व्यवसायमार्फत राज्यमा ड्राइभिङ स्कुलहरूले रोजगारी सृजना गर्दै आएको बताए । उनले भने, "स्कुल सञ्चालनमा देखिएका समस्या समाधानका लागि तीनवटै तहका सरकारले नीति बनाएर सहयोग गर्नुपर्नेछ।"

नेपाली कांग्रेस चितवनका उपसभापति राजीव न्यौपाने, नेकपा एमालेका भक्तिप्रसाद गौतम, नेपाल किसान महासङ्घका सचिव भरतप्रसाद फुयाल, सङ्घका अध्यक्ष रामचन्द्र श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष खगेन्द्र बुढाथोकीलगायत वक्ताले मन्तव्य व्यक्तभएको थियो।

अधिवेशनले शनिबारनै नयाँ नेतृत्व चयन गर्ने छ । महाधिवेशनमा देशभर एक हजार पाँच सय व्यवसायीका तीन सय ५० जना प्रतिनिधि सहभागी छन्।

# पृथ्वीनारायणको राजगद्दी पुनःस्थापना

**टुडे समाचारदाता**

गोरखा । भूकम्पले क्षति पुऱ्याएको ऐतिहासिक गोरखा दरबारको पुनःनिर्माण सम्पन्न भएसँगै तत्कालीन राजा पृथ्वीनारायण शाहको राजगद्दी मूल दरबारको गर्भगृहमा पुनःस्थापना गरिएको छ।

भूकम्पका कारण भग्नावशेष अवस्थामा रहेको राजगद्दी मर्मतसम्हार गरी शुक्रबारदेखि पुरानै ठाउँमा राखिएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख बिष्णुप्रसाद पाठकले जानकारी दिए । "भूकम्पले दरबारमा क्षति पुगेपछि दरबारमा रहेको ऐतिहासिक राजगद्दी पनि दरबार परिसरमा भग्नावशेष अवस्थामा थियो", प्रमुख पाठकले भने, "त्यसलाई पुरातात्विक तथा ऐतिहासिक महत्व नमेटिने गरी साविकै स्वरुप र शैलीमा साविककै ठाउँमा राखिएको छ।" भूकम्पपछि दरबार पुनःनिर्माणका क्रममा राजगद्दी पनि भग्नावशेष अवस्थामा रहेको थियो।

विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी गोरखा भूकम्पबाट राजगद्दी र पृथ्वीनारायण शाहको बाल्यकालमा सेक ताप गरिएको भनिएको अँगेनाको ध्वनि पनि भूकम्पपछि बन्द भएको थियो । पृथ्वीनारायण शाहको जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर राजगद्दी साविककै स्थानमा राखिएको हो। गर्भगृहमा राजगद्दी राखिएसँगै अबदेखि गोरखा दरबार पुग्ने नागरिकले मूलदरबारमा राखिएको ऐतिहासिक गद्दी हेर्न पाउनेछन्।

"विगतमा जस्तै अबदेखि गर्भगृहमा राखिएको राजगद्दी दरबार बाहिरको झ्यालबाट अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ", प्रमुख पाठकले भने, "दरबारमा विगतमा बलिरहेको ध्वनिलाई निरन्तर गर्ने गरी कामको थालनीसमेत भएको छ।"

भूकम्पले क्षति पुऱ्याएको मूलदरबार, कालिका मन्दिर, रङ्गमहल, गोरखनाथगुफालगायतका अधिकांश संरचना पुनःनिर्माण र मर्मत गर्ने कार्य लगभग सकिएपछि राजगद्दी पनि देखाउने उपयुक्त हुने भएकाले आवश्यक मर्मत गरी पुरानै ठाउँमा राखिएको उनले जानकारी दिए।

**माइग्रेशन हरायो**

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।९।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।


**नाम : अभिषेक कर्ण**
**सिम्बोल नं.: २१७०२२५०**
**रजिष्ट्रेशन नं.:७६१७१७०२४**
**ठेगाना: जि.म. महोत्तरी गापा-३**
**मो.नं.९८१९८३७११५**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
### प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-६ मा लाग्ने साप्ताहिक सखुवाबजार हाटमा शनिबार माघे सङ्क्रान्तिको लागि तील, च्युरा र मुरही खरिद बिक्री गर्दैं। *तस्बिरः रासस*

# उद्योगमन्त्री रिजालले आफनो आन्दोलन करोडौंमा बेचे : अभियानी यादव




**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले संघिय सरकारका उद्योग मन्त्री रमेश रिजालमाथि गम्भीर आरोप लगाएका छन् ।

सप्तरी देखि वीरगंज सम्म थालेको चुरे संकल्प पद यात्राको वीरगंजमा समापन कार्यक्रममा सम्वोधन गर्दै संयोजक यादवले उद्योग मन्त्री रिजालले आफुले चुरे संरक्षणका लागि थालेको आन्दोलनलाई बेचेको आरोप लगाए ।

उनले भने,'चुरे संरक्षण देखि लिएर सिर्सिया नदी संरक्षणका लागि काठमाण्डु सम्म पद यात्रा गर्दा मुद्दा सम्वोधन गर्ने प्रतिवद्धता जनाएपनि उनले आफनो आन्दोलन एक करोडमा बेचेका हुन् ।' संयोजक यादवले पटक पटक आन्दोलन गर्दा पनि मधेश प्रदेशका वन मन्त्री रमेश कुर्मीले चुरे संरक्षणका लागि चासो समेत नलिएको र आफुहरुको आन्दोलनप्रति अलिकती पनि सम्वेदनशिल नभएको बताउदै उनी माथि जनकपुरधाम प्रवेस निषेध सम्म घोषणा गरिने चेतावनी दिए । उनले भने,'आउने तीनचार दिनमै आफुहरुको बैठक वसी वनमन्त्री कुर्मीलाई मधेश प्रदेशको राजधानीमा पस्न निषेध गरिने निर्णय गरि घोषणा गरिने छ ।'

चुरे संरक्षणको माग,दलीत भुमीहिनलाई लालपुर्जा दिनुपर्ने र सिर्सिया नदीको संरक्षणको माग गर्दै सप्तरीको कोशी नदि देखि लिएर हुलाकी राजमार्ग हुदै वीरगंजको घण्टाघर सम्म चुरे संरक्षण पद यात्रा गरेका छन् ।

# शिव मन्दिरमा पूर्व राजाको पूजापाठ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको शिव मन्दिरमा पूर्व राजा ज्ञानेन्द्र शाहले पूजापाठ गरेका छन । बरहथवा नगरपालिका ९ मा रहेको मुर्तिया शिव मन्दिरमा उनले पूजापाठ गरेका छन् ।

पुरातात्विक महत्व बोकेका मुर्तिया शिव मन्दिरमा शाह पूजा पाठकालागि आएका जनाइएको छ । काठमाण्डुबाट सिमरा हुँदै मुर्तिया मन्दिरस्थल पुगेका शाहले त्यहाँ रहेको राम मन्दिरमा समेत पूजापाठ गरी करिव आधा घण्टा बिताएका थिए ।



कडा सुरक्षा ब्यवस्थाका बीच मन्दिरमा पूजापाठ गर्न पुगेका शाहलाई हेर्नका लागी पाँच हजार बढी भीड जम्मा भएको बताइएको छ ।

# अन्तरराष्ट्रिय हवाईयात्रु आगमन हालसम्मकै बढी

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकको पुरानो त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हवाई यात्रुको संख्या बढेको छ । विमानस्थलका अनुसार सन् २०२३ मा आन्तरिक तथा अन्तरराष्ट्रिय दुवै गरी कूल ८६ लाख ९१ हजार चार सय ४३ यात्रुले हवाईयात्रा गरेका छन् । सन् २०२२ मा ७९ लाख ५४ हजार चार सय ९५ ले हवाईयात्रा गरेका थिए । जुन अघिल्लो वर्षको तुलनामा नौ दशमलव दुई प्रतिशतले बढी हो । कूल यात्रु आवागमन (आन्तरिक र अन्तरराष्ट्रिय) पनि बढेको विमानस्थल कार्यालयले जनाएको छ ।

कोभिडअघि सन् २०१८ मा ७१ लाख ९० हजार नौ सय १२ र सन् २०१९ मा ७३ लाख २७ हजार ३१ यात्रुले हवाईयात्रा गरेका थिए । विमानस्थलबाट एक वर्षको अवधिमा अन्तरराष्ट्रियतर्फ ४५ लाख ४१ हजार एक सय ३७ ले हवाईयात्रा गरेका छन् । जुन अघिल्लो वर्षको तुलनामा ३० दशमलव १८ प्रतिशतले बढी हो । यो सङ्ख्या कोभिड-१९ अघि सन् २०१८ को भन्दा चार दशमलव पाँच प्रतिशतले बढी रहेको विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिए । उनका अनुसार यो अहिलेसम्मकै सबैभन्दा धैरै हो ।




महाप्रबन्धक तिवारीले अन्तरराष्ट्रिय हवाई यात्रु आगमन अहिलेसम्मकै बढी भएको बताउँदै कूल यात्रु आगमन पनि बढेको जानकारी दिए ।

कोभिड पहिलाको तुलनामा १८ प्रतिशत र सन् २०२२ को तुलनामा नौ दशमलव दुई प्रतिशतले वृद्धि भएको उनको भनाइ छ । सन् २०२३ मा अन्तरराष्ट्रिय उडान अवतरण ३१ हजार चार सय ६० (गत वर्षको तुलनामा २९ दशमलव ४० प्रतिशतले) वृद्धि भएको छ । जुन कोभिडअघि सन् २०१८ को भन्दा १० दशमलव ७६ प्रतिशतले घटेको छ । उक्त अवधिमा कार्गो आवागमन २२ हजार नौ सय ४६ टन भएको छ । जुन गत वर्षको तुलनामा १३ दशमलव ९८ प्रतिशतले घटेको छ ।

आन्तरिकतर्फ हवाईयात्रा गर्नेको सङ्ख्या ४१ लाख ५० हजार तीन सय २६ पुगेको छ । जुन गत वर्षको तुलनामा सात दशमलव ०७ प्रतिशत कम हो । उक्त अवधिमा आन्तरिकतर्फ ९६ हजार नौ सय ८९ उडान अवतरण भएका छन् । उडान पनि गत वर्षको तुलनामा १० दशमलव ८७ प्रतिशतले घटेको छ ।

आन्तरिकमा कार्गो आगमन गत वर्षको तुलनामा १० दशमलव ३६ प्रतिशतले वृद्धि भई तीन हजार ४२६.८६१ टन पुगेको महाप्रबन्धक तिवारीले बताए । उनका अनुसार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हाल आन्तरिकतर्फ नौ एयरलाइन्स कम्पनी र १२ हेलिकोप्टर कम्पनी सञ्चालनमा छन्भने अन्तरराष्ट्रियमा तीन नेपालीसहित ३० वायुसेवा कम्पनीले १६ देशका ३१ गन्तव्यमा सेवा दिइरहेका छन् ।

नेपालले ४१ मुलुकसँग दुई पक्षीय हवाई सेवा सम्झौता गरेको छ । पछिल्लो पटक गत मङ्सिर १९ गते नेपाल र रुवाण्डाबीच द्विपक्षीय हवाई सेवा सम्झौतामा हस्ताक्षर भएको थियो ।

# लगानी प्रवर्द्धन गर्न कोपेनहेगनमा प्रवर्द्धनात्मक कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली राजदूतावास डेनमार्कद्वारा नेपाल प्रवर्द्धन र विशेष गरी पर्यटन तथा लगानी प्रवर्द्धन गर्ने उद्देश्यले डेनमार्कको राजधानी कोपेनहेगनमा एक प्रवर्द्धनात्मक कार्यक्रमको आयोजना गरिएको छ । आर्थिक कूटनीतिअन्तर्गत आयोजित उक्त कार्यक्रममा पर्यटन तथा अन्य व्यवसायी, पत्रकार, सरकारी पदाधिकारीलगायत विभिन्न क्षेत्रमा कार्यरत करिब एक सय ३० डेनिस नागरिकसहित विभिन्न सङ्घ संस्थाका पदाधिकारी, व्यवसायी नेपाली तथा अन्य गरी एक सय ६० जनाको उपस्थिति थियो ।



डेनमार्कका लागि नेपाली राजदूत प्रा डा राम स्वार्थ रायद्वारा उद्घाटन गरिएको उक्त कार्यक्रममा नेपाली मौलिक लोकनृत्य, गुरुङ तथा मगर नृत्य प्रस्तुत गरिएको थियो भने नेपाली बाजा समूह डेनमार्कद्वारा नेपाली लोक भाकामा पञ्चैबाजा प्रस्तुत गरिएको थियो ।

त्यस अवसरमा राजदूत रायले नेपालको वर्तमान अवस्थाको सङ्क्षिप्त चर्चा गर्दै नेपालको पर्यटन र लगानीका क्षेत्रबारे जानकारी दिएका थिए ।यो कार्यक्रमबाट नेपाली पर्यटनको विकास तथा लगानी प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने विश्वास कोपेनहेगनस्थित नेपाली दूतावासले एक विज्ञप्ति निकालेर जनाएको छ ।

# कलेजो प्रत्यारोपणमा आत्मनिर्भर बन्दै




**टुडे समाचारदाता**

भक्तपुर । भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पहिलो पटक तीन वर्षीय बालकको सफल कलेजो प्रत्यारोण गरिएको छ । केन्द्रका कार्यकारी निर्देशक एवं वरिष्ठ मिर्गौला तथा कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा बालकको सफल कलेजो प्रतयारोपण भएको हो ।

केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले पर्साको वीरगञ्जका तीन वर्षीय बालकका लागि ३० वर्षीय आमाले कलेजो दान दिएको जानकारी दिए । कलेजो प्रत्यारोपण गरिएका बालकको स्वास्थ्य अवस्था सामान्य रहेको उनले बताए ।

"यसअघि यति सानो बालकको कलेजो प्रत्यारोपण गरिएको थिएन । यो पहिलो पटक हो", डा श्रेष्ठले भने, "केन्द्रमा यो साता शुक्रबारदेखि सोमबारसम्म लगातार चार दिनमा चार वटा कलेजो प्रत्यारोपण गर्दैछौं । यो नेपालका लागि ठूलो सफलता हो ।"

यसअघि केन्द्रले पुसमा एकैपटक दुई जना बिरामीको कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेको थियो । पुस ८ गते भक्तपुरका २२ वर्षीय छोरालाई ४७ वर्षीय बुबाले र पुस ९ गते सप्तरीका २५ वर्षीय भाइलाई ३५ वर्षीय दिदीले कलेजो दान दिएर प्रत्यारोपण गरिएको थियो ।

केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठको नेतृत्वमा केन्द्रले २०७३ मङ्सिर २२ गते दक्षिण कोरियाका चिकित्सकको प्राविधिक सहयोगमा देशमै पहिलोपटक कलेजोप्रत्यारोपणको सुरुआत गरेको थियो । त्यसपछि भारतको म्याक्स अस्पतालकका विशेषज्ञ चिकित्सकहरुको सहयोगमा कलेजो प्रत्यारोपण हुँदै आए पनि पछिल्लो समय नेपाली चिकित्सककै टोलीले सफलतापूर्वक प्रत्यारोपण सम्पन्न गर्न थालेको छ ।

केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले मिर्गौलामा मात्रै नभई कलेजो प्रत्यारोपणमा पनि सफलता पाएपछि अब नेपाल कलेजो प्रत्यारोपणमा पनि आत्मनिर्भर हुन थालेको बताए । उनका अनुसार सुरुका केही वर्ष वार्षिक एक/दुई जनाको मात्र कलेजो प्रत्यारोपण गर्दै आएकामा अहिले वर्ष १० जनाको प्रत्यारोपणमा सफलता हासिल गर्न केन्द्र सक्षम भएको छ । केन्द्र स्थापनादेखि अहिलेसम्म एक हजार दुई सयभन्दा बढीको मिर्गौला प्रत्यारोपण गरिसकिएको उनले जानकारी दिए ।

# लागूऔषध समस्या बढ्दो



**टुडे समाचारदाता**

धरान । धरानमा ज्याला मजदुरी गर्ने वर्गमा लागूऔषधको समस्या बढिरहेको पाइएको छ । अघिल्ला तीन आर्थिक वर्षको तथ्याङ्क तुलना गर्दा यसरी लागूऔषधको प्रयोग र कारोबारका संलग्नहरुमा ज्याला मजदुरी गर्नेहरु सबैभन्दा बढी पाइएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

त्यसैगरी, बेरोजगार युवा र विद्यार्थीको संख्या पनि बढिरहेको पाइएको छ । आव २०७७/७८ मा लागूऔषध मुद्दामा ज्याला मजदुरी गर्ने २० जना पक्राउ परेकामा आव २०७८/७९ मा ३६ र आव २०७९/८० मा अझै बढे ३९ जना पक्राउ परेका थिए । त्यस्तै, बेरोजगार युवामा आव २०७७/७८ मा पाँचजना र आव २०७८/७९ मा दुईजना पक्राउ परेकामा आव २०७९/८० मा २२ जना पक्राउ परेका थिए ।

लागूऔषधको मुद्दामा पक्राउ पर्नेमा विद्यार्थीको संख्या पनि बढ्दो मात्रामा देखिएको छ । अघिल्ला दुई आर्थिक वर्षमा दुई/दुईजना विद्यार्थी पक्राउ परेकामा आव २०७९/८० मा सातजना पक्राउ परेका छन् । त्यस्तै, उमेरको आधारमा २६ देखि ३५ वर्ष उमेर समूहका सबैभन्दा बढी छन् । प्रहरीले यो उमेर समूहकालाई अघिल्ला दुई आर्थिक वर्षमा ३२ र नौजना पक्राउ गरेकामा आव २०७९/८० मा ४६ जना पक्राउ गरेको थियो । दोस्रोमा ८ देखि २५ वर्षसम्मका युवाको सङ्ख्या धैरै छ । १७ वर्षभन्दा कम उमेरका पक्राउ पर्नेको संख्या भने घटेको छ । अघिल्लो आर्थिक वर्षमा ३१ जना पक्राउ परेकामा आव २०७९/८० मा एकजना मात्र पक्राउ परेका थिए ।

इलाका प्रहरी कार्यालयका अनुसार २०७९ साल चैत १ देखि २०८० मङ्सिर महिनासम्ममा लागूऔषधका ५० मुद्दा दर्ता भएका छन् जसमा ७० पुरुष र एकजना महिना पक्राउ परेका छन् । चालु आव २०८०/८१ को हालसम्म २५ वटा मुद्दामा ३९ जना पक्राउ परेका छन् । आव २०७९/८० मा लागूऔषधका ६५ मुद्दा दर्ता भएकामा ९२ पुरुष र दुईजना महिला पक्राउ परेका थिए । आव २०७८/८९ मा ५५ मुद्दा दर्ता भई ७९ पुरुष र चारजना महिला पक्राउ परेका थिए भने आव २०७७/७८ मा ५७ मुद्दा दर्ता भएर ७९ पुरुष र चारजना महिला पक्राउ परेका थिए ।

लागूऔषधका कारोबारीहरुले सवारी साधनमा लुकाएर, फल्स बटन बनाएर, शरीरका विभिन्न भागमा लुकाएर लागूऔषध सेवन र बिक्री वितरण गरिरहेको पाइएको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक भीमराज राईले जानकारी दिए । उनका अनुसार धरानमा अवैध रुपमा प्रतिबन्धित औषधिहरुको प्रयोग बढिरहेको छ ।

धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईले हरेक शुक्रबार लागूऔषधविरुद्ध सचेतना अभियान सञ्चालन गरिरहेका छन् । उनी घर र विद्यालय तहबाटै सचेतना फैलाउन आवश्यक भएको ठान्छन् ।

# तीन दिनमा नौ व्यक्तिमा कोरोना सङ्क्रमण

**टुडे समाचारदाता**

काठमाण्डु । पछिल्ला तीन दिनमा सुदूरपश्चिम प्रदेशमा नौ व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । भारतबाट नेपाल भित्रिनेहरुको एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना सङ्क्रमण पुष्टि भएको हो । स्वास्थ्य निर्देशनालय दीपायलका अनुसार तीन दिनमा चार सय ६४ व्यक्तिको एन्टिजेन परीक्षण गरिएको थियो ।


तीन दिनयता प्रदेशका सीमानाका गौरीफन्टा, गड्डाचौकी, जुलाघाट र पुलघाट नाकाबाट एक हजार चारसय ४४ व्यक्ति नेपाल भित्रिएका छन् । कोरोना सङ्क्रमित आठ व्यक्तिको नमुना सङ्कलन गरी थप परीक्षणका लागि क्षेत्रीय प्रयोगशालामार्फत केन्द्रमा पठाइएको थियो ।

गौरीफन्टा सीमा नाकास्थित हेल्थ डेस्कका अहेब गणेश साउद कोरोना भाइरसका सङ्क्रमित फेरि भेटिन थालेकाले स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्न सुझाव दिए ।

"सीमानाकामा एन्टिजेन परीक्षण गर्दा कोरोना सङ्क्रमित बढ्दै गएको देखिएको छ", उनले भने, "हेल्थ डेस्कमा नमुना परीक्षणका लागि आवश्यक स्वास्थ्यकर्मी, एन्टिजेनको कीट ,मास्क ग्लब्सलगायतका सामग्री पर्याप्त छन् ।"उनले सङ्क्रमितलाई होम आइसोलेशनमा बस्न र सिकिस्त भएको अवस्थामा अस्पताल जान सल्लाह दिएको र सम्बन्धित पालिकासँग समन्वय गरिरहेको जानकारी दिए ।

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सहकारीबाट निक्षेप जोगाउ

नेपालमा च्याउ झैं खुलेको बचत तथा ऋण सहकारी संस्थाहरुमा सर्वसाधारणले जम्मा गरेको अर्बौं निक्षेप डुबाएर धमाधम सञ्चालकहरु भाग्न थालेका छन् । सहकारीमा सर्वसाधारणले जम्मा गरेको अर्बौं रुपैयाँको निगरानी गर्ने कुनै निकाय छैन् । सहकारीमा ताला लगाएर सञ्चालक फरार भए पनि प्रहरीले पक्राउ गर्न चासो लिएको कमै मात्र देखिन्छ । काठमाण्डु मुख्य कार्यालय रहेको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाले वीरगञ्जमा शाखा कार्यालय खोलेर झण्डै डेढ अर्ब रुपैयाँ संकलन गरेको थियो । एकैजना व्यवसायीले करोड बढी बचत गरेको बताइन्छ । तर हाल सानो पाइलाका अध्यक्ष लगायतका सञ्चालकहरु फरार छन् । वीरगञ्जको शाखा कार्यालयमा ताला लगाइएको छ । ६ महिना पूर्व नै ताला लागेको शाखा कार्यालयमा वीरगञ्ज महानगरपालिकाले छुट्टै ताल्चा लगाएको छ । तर डेढ अर्ब निक्षेप सर्वसाधारणले फिर्ता पाउने संभावना समाप्त हुन थालेको छ । सानो पाइलाका सञ्चालकहरुले ग्यालेक्सी ४ के टीभी लगायत निजी नाममा जग्गा जमिन खरिद गर्न सर्वसाधारणको निक्षेप चलाएको देखिन्छ । सहकारी डिभिजन कार्यालयबाट आर्थिक कारोबार गर्ने अनुमति लिएका सहकारीहरुले अबौं रुपैयाँ निक्षेप उठाएको देखिन्छ । सर्वसाधारणले जम्मा गरेको निक्षेपलाई व्यक्तिगत स्वार्थपूर्ति प्रयोजनका लागि लगाइएको छ । सहकारीका सञ्चालकहरुले अर्बौं रुपैयाँ हिनामिना गर्दा पनि डिभिजन सहकारी कार्यालयले चासो देखाएको छैन् । सहकारीको सञ्चालन गर्नेहरु मध्ये अधिकांशको नियत सर्वसाधारणको निक्षेप डुबाउने नै देखिएको छ । सहकारीमा बचत गर्दा अन्य बैंकहरुको तुलनामा आकर्षक ब्याज र बोनस पाइने भएकाले सर्वसाधारणहरु आकर्षित हुने गरेको देखिन्छ । सहकारीहरुलाई आर्थिक कारोबार गर्ने स्वीकृति प्रदान गर्ने निकायले निक्षेप संकलनको एउटा सीमा निर्धारण गर्न आवश्यक छ । नेपाल राष्ट्र बैंकबाट स्वीकृति समेत लिन नपर्ने तर अर्बौं रुपैयाँ निक्षेप लिएर लगानी गर्न पाउने सहकारीको कारण आमनागरिक ठूलो आर्थिक समस्या भोग्न बाध्य भएका छन् । सहकारीहरुले निक्षेप संकलनका लागि एजेन्टहरु नियुक्त गरी घर घरमा पठाउने भएकालेपनि निक्षेप संकलन गर्न सहज भएको छ । निक्षेप संकलनकर्ताहरुलाई सहकारीले आकर्षक कमिसन दिने गरेको छ । सहकारीहरुले निक्षेप संकलन गरेको विवरण डिभिजन सहकारी कार्यालय लगायतका निकायहरुमा अनिवार्य बुझाउनुपर्ने भए पनि अर्बौं डुबाउने सहकारीहरुको नियमन गरेको पाइँदैन् । निक्षेप रकम लिएर सञ्चालकहरु फरार भइसकेको कयौं महिनापछि मात्र प्रहरी लगायतका निकायहरुले खोजतलासको प्रक्रिया थाल्ने गरेका छन् । त्यसकारण सर्वसाधारणले जम्मा गरेको बचत फिर्ता हुने संभावना अत्यन्त न्यून देखिन्छ ।

# काँग्रेसमा लोकतन्त्र कि व्यक्तितन्त्र !



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

नेपाली काँग्रेसलाई उतिखेर, विपीको 'काँग्रेस' भनेर चिनिन्थ्यो । विपीको आदर्श र विचार नेपालका कुनाकाप्चापनि बसेका सर्वसाधारण जनतामा अमिट छाप परेको थियो । २०४८ सालको निर्वाचनमा ' विपीको पार्टी' भनेर अधिकांस बुढापाकाहरुले काँग्रेसको उम्मेद्वारको पक्षमा मतदान गरेको थियो भने युवाहरुमा बामपन्थीको छाप देखिन्थ्यो । काँग्रेस सत्तामा पुग्यो, गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको केही महिनापछि पार्टीभित्रको आन्तरिक कलह छताछुल्ल भयो । मुलुकमा मध्यावधि निर्वाचनपछि पार्टीको राजनीतिक सिद्धान्तले कोल्टो फेर्‍यो । सत्ताका लागि गुटबन्दी चरम सिमामा पुग्यो । काँग्रेसजस्तो पार्टीलाई विभाजनको मार खेप्नु पर्‍यो । समयको परिवर्तनसँगै पुराना काँग्रेसीहरु ओझेलमा पर्दै गयो, नवकाँग्रेसीहरुको जड बलियो हुनासाथ काँग्रेसमा व्यक्तिवादी चरित्रको प्रभाव बढ्दै गयो । सत्ताको खेलमा रुम्मिलिएपछि विपीको आदर्श र विचार भाषणमैं सीमित भयो । अचेल, अधिकांस काँग्रेसीहरु विपीको नाम भाषणमा बोल्न छोडिसकेको अवस्था छ । काँग्रेसको संस्थापक विपी कोइराला, सुवर्ण शमशेर, लौंहपुरुष गणेशमान सिँह, सन्त कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालाले अन्तर्राष्ट्रिय छवि बनाएका नेता हुन् । विदेशमा उच्च सम्मान पाउने गर्दथ्यो । अहिलेका नेताहरुले सो किसिमका सम्मान पाउन नसकेको अवस्था छ ।

नेपालमा व्यवस्था परिवर्तनका लागि काँग्रेसले जहिलेपनि निर्णायक भूमिका खेलेको छ । लोकतान्त्रिक समाजवादको सिद्धान्तमा आधारित यस पार्टीभित्र लोकतन्त्र वा गणतन्त्रको संरक्षण र सम्बर्द्धनका लागि मीठो प्रवचन जतिखेरपनि सुन्न पाइन्छ । तर, काँग्रेसभित्र लोकतन्त्र विलुप्त हुने अवस्थामा पुगेको छ । गुटगत राजनीतिकले प्रश्रय पाएको छ । त्यसको ज्वलन्त उदाहरणको रुपमा राष्ट्रियसभाको उम्मेद्वारको छनोटबाट स्पष्ट हुन्छ । 'कोही दिनभर पटक पटक टन्न भोजन गर्ने, अधिकांसले एकपटक पनि भोजन नपाउने' अनि, समाजवादको गुणगान सुहाउँछ ? प्रजातान्त्रिक समाजवादको सिद्धान्तप्रति प्रतिबद्ध नेता र समर्पित कार्यकर्ताहरु अवसर कहिँले पाउने ? जवसम्म गुटगत राजनीतिको प्रभाव कायम रहन्छ, तवसम्म सोझासाझा, इमान्दार कार्यकर्ता र नेताहरु ओझेलमा रहिरहन्छ । त्यो अवस्था उत्पन्न हुन नदिनका लागि पार्टी सभापति शेरबहादुर देउवालाई उदारता देखाउनु पर्दथ्यो । काँग्रेसको पुराना नेता र कार्यकर्तामा अहिलेपनि त्याग, प्रतिबद्धता र समर्पनको भावना छ, उनैको वलमा पार्टीको छवि अझैंसम्म कायम छ । तर, उनीहरुलाई लामो समयदेखि अलपत्र अवस्थामा रहन बाध्य पारेको भन्नुपर्दा अतिशयोक्ति नहोला ।

कोशी प्रदेशमैं मुख्यमन्त्रीका लागि सभापति शेरबहादुर देउवाले उठाएका उम्मेद्वार पटक पटक पराजित भए । मध्यावधि निर्वाचनको सम्भावना प्रवल हुन थालेपछि केदार कार्कीले एमालेको सहयोग लिएर मुख्यमन्त्री पदमा दावी गर्‍यो र, विधिवत रुपमा मुख्यमन्त्री बन्यो । कृष्णप्रसाद सिटौंला र राजेन्द्र लिङ्देन एउटै क्षेत्रबाट चुनावमा उठ्दै आएको छ । यस्तो अवस्थामा सिटौंलाको नजिकको व्यक्तिलाई कुनैपनि शर्तमा राप्रपाले समर्थन गर्दैन भन्ने सुझबुझ राख्न नसक्नु भनेको नेतामा परिपक्वताको कमी छ भनि बुझ्नुपर्छ । आफ्नै समूहको अडान लिएर बसिरहने सोचको कारण लामो समयसम्म कोशी प्रदेशमा मुख्यमन्त्री चयनको विषयमा विवाद कायम रह्यो । देउवा र सिटौंला व्यक्तिवादी सोचबाट माथि उठेको भए, केदार कार्कीलाई विद्रोह गर्नुपर्ने वातावरण सृजना हुने थिएन् । सर्लाही अमरेशप्रसाद सिँह साँसद भएपनि २०७९को निर्वाचनमा देउवाले उम्मेद्वार बनाएन् । पार्टीबाट विद्रोह गरी स्वतन्त्र रुपमा निर्वाचित भयो । पार्टीमा हैकमवादी प्रवृति रहिरह्यो भने विद्रोही मानसिकतामा बल पुग्छ ।

राष्ट्रप्रति समर्पित भएर काम गर्नुनै प्रत्येक सरकारको कर्तव्य हुन्छ । तर, सरकारसम्म पुर्‍याउनको लागि कार्यकर्ताले खेलेको भूमिकाको सम्बन्धमा पार्टीले कुन रुपमा कसरी मूल्याङ्कन गरेको छ, त्यो धेरै महत्व राख्छ । पार्टीले कार्यकर्ताको रगत पसिनाको मूल्याङ्कन गरेन भने सो पार्टी धरायशी हुन्छ । नेपाली काँग्रेसको जड बलियो छ । सोही बलियो जडले गर्दा पार्टी अहिलेपनि एक्यबद्ध अवस्थामा छन् । माओवादी द्वन्द्वको समयमा थुप्रै काँग्रेसी कार्यकर्तामाथि साङ्घातिक आक्रमण भयो । कतिपयको मृत्यु भयो र आफ्नो कर्मभूमि छोडेर पलायन हुनुपरेको थियो । त्यस्तो, समयमा पनि पार्टीलाई जीवन्त राख्नमा कार्यकर्ताहरुको अह्म भूमिका रह्यो । ति मृतक परिवार र घरवास छोडेका कार्यकर्ताहरुमध्ये कतिजनालाई पार्टीले व्यवस्थापन गरेको छ भन्ने सम्बन्धमा लेखाजोखा हुनुपर्ने हो । नेपालमा प्रजातन्त्र पुनःस्थापनादेखि अहिलेसम्मको अवस्थासम्म आइपुग्दा गुटगत राजनीतिको जरो झन बलियो भएको देखिन्छ । पटक पटक साँसद र मन्त्री भएका व्यक्ति जव जनताले प्रत्यक्ष निर्वाचनमा पराजित गर्छन् । त्यस्ता व्यक्तिलाई आफ्नो कमी कमजोरीलाई सुधार गर्नका लागि जनताबीच पुग्नुपर्ने हो । तर, पार्टीले त्यस्ता व्यक्तिलाई राष्ट्रियसभाको उम्मेद्वार बनाउँछ भने पाँच दसकभन्दा बढी समयदेखि पार्टीमा निरन्तर रुपमा योगदान पुर्‍याउने व्यक्तिहरुको हक खोसिएको स्पष्ट हुन्छ । पार्टीले टिकटबाट बञ्चित गर्दापनि उनीहरु पार्टीको सङ्गठन बनाउनमा योगदान दिँदै आइरहेको भएपनि त्यस्ता व्यक्तिहरुलाई पार्टीले ओझेलमा पार्‍यो । ति व्यक्तिहरुलाई राष्ट्रियसभा र समानुपातिकमा ठाउँ दिनुपर्ने थियो । काँग्रेसले समानताको सिद्धान्तलाई तिलाञ्जलि दिएको बुझ्नुपर्छ । राष्ट्रियसभामा बौद्धिकवर्ग र विभिन्न समुदायका व्यक्तिहरुको प्रतिनिधित्व हुनुपर्ने हो । कतिपय प्रजातान्त्रिक राष्ट्रहरुमा माथिल्लो सदनको वास्तविक रुपमा उपयोग पनि गर्छन् । देशका प्रबुद्धवर्ग, पिछडिएका वर्ग, अल्पसङ्ख्यक, कलाकार, पत्रकारलगायतलाई प्रतिनिधित्व गराउँछन् । जसले राष्ट्रलाई उचित मार्ग दर्शन प्रदान गर्छन् । नेपालमा पटक पटक संसदीय निर्वाचनमा पराजित भएका, पटक पटक साँसद र मन्त्री भइसकेका र नेताहरुले आफ्ना नातेदार एवम् नजिकका मानिसलाई राष्ट्रियसभाको उम्मेद्वार बनाउँदा कार्यकर्तामा नैराश्यता बढ्छ । यस्तो अवस्थामा पार्टी सङ्कटमा परेपछि सहयोगगर्न कञ्जुस्याई गर्छन् । सर्वसाधारण जनता र कार्यकर्ता दुई चार दिन निर्णयको आलोचना गर्छ । त्यसपछि, विस्तारै विस्तारै चर्चा सेलाउँछ भन्ने आम सोचाई सबै दलका शीर्ष नेतामा देखिन्छ ।

> मधेशप्रदेशका साथै तराईका जिल्लाहरुमा अधिकांस कार्यकर्ता र नेताहरुले काँग्रेस छोडयो । जहिलेपनि मधेशमा बर्चस्व कायम गर्ने काँग्रेसभन्दा एमाले पार्टी सशक्त अवस्थामा पुगेको छ । त्यसो हुनुको मुख्य कारण नेतृत्वदायी नेताको प्रभाव जनतामा परेको बुझ्नु पर्छ । उतिखेरको काँग्रेस र अहिलेको काँग्रेसमा धेरै फरक देखिएको छ । उतिखेरको कार्यकर्ता पार्टीप्रति बढी समर्पित हुन्थ्यो । जेलनेल निर्वासन, सम्पतिहरण, आपतविपत जे परेपनि पार्टीको लागि मरिमेटने । अहिले नेपाली काँग्रेसमा पद, पैसाको चमक दमकले गर्दा असल निष्ठावान कार्यकर्ताहरु पछाडि परेको देखिएको छ । नेपाली काँग्रेसका संस्थापक विशेश्वरप्रसाद कोइरालाको मार्गदर्शनलाई पार्टीले विर्सेको छ । पार्टी सैद्धान्तिक विचलन आएको कारणले सङ्गठन चुस्त हुन नसकेको चर्चापनि छ ।

काँग्रेसको विकल्पमा कुनै सशक्त प्रजातान्त्रिक पार्टी नहुँदा त्यसो लाभ काँग्रेसलाई अनवरत रुपमा भइरहेको छ । काँग्रेसको विकल्पमा सशक्त पार्टीको उदय भयो भने काँग्रेसमा भूइचालो आउने सम्भावना छ । मधेशप्रदेशका साथै तराईका जिल्लाहरुमा अधिकांस कार्यकर्ता र नेताहरुले काँग्रेस छोडयो । जहिलेपनि मधेशमा बर्चस्व कायम गर्ने काँग्रेसभन्दा एमाले पार्टी सशक्त अवस्थामा पुगेको छ । त्यसो हुनुको मुख्य कारण नेतृत्वदायी नेताको प्रभाव जनतामा परेको बुझ्नु पर्छ । उतिखेरको काँग्रेस र अहिलेको काँग्रेसमा धेरै फरक देखिएको छ । उतिखेरको कार्यकर्ता पार्टीप्रति बढी समर्पित हुन्थ्यो । जेलनेल निर्वासन, सम्पतिहरण, आपतविपत जे परेपनि पार्टीको लागि मरिमेटने । अहिले नेपाली काँग्रेसमा पद, पैसाको चमक दमकले गर्दा असल निष्ठावान कार्यकर्ताहरु पछाडि परेको देखिएको छ । नेपाली काँग्रेसका संस्थापक विशेश्वरप्रसाद कोइरालाको मागदर्शनलाई पार्टीले विर्सेको छ । पार्टी सैद्धान्तिक विचलन आएको कारणले सङ्गठन चुस्त हुन नसकेको चर्चापनि छ ।

राजनीतिको मुख्य उद्देश्य जनसेवा हो । शान्ति सुरक्षा, विकास, रोजगार, स्वास्थ्य, शिक्षाका साथै आधारभूत आवश्यकताको विषयमा सत्तापक्ष र विपक्ष उत्तरदायित्व भूमिका निर्वाह गरेमा मुलुकले विकासको गति लिन्छ र जनताको अभीष्ट फलिभूत हुन्छ । दूर्भाग्यवस ! नेताहरुमा सत्तालिप्साका लागि सिद्धान्तभन्दा पदलाई उच्चस्थाननै दिएको देखेर जनताको विश्वासमा गहिरो आघात परेको छ । जेजस्तो भएपनि, मुलुकमा सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउनका लागि जनताले मुलुकमा राजनीतिक स्थायित्व खोजेका छन् ।

शासन प्रणालीमा मात्रै विकेन्द्रीकरण होईन कि राजनीतिक प्रणालीमा पनि विकेन्द्रीकरण हुनु आवश्यक छ । विकेन्द्रीकरणको नीतिलाई सार्थक बनाउनका लागि सवै दलका शीर्ष नेताहरुको अहंकारवादी सोच परित्याग गर्नुपर्छ । अचेल, कुनैपनि पार्टीका अगुवामा उदारवादी सोच राख्नुपर्ने बढी आत्मकेन्द्रीत भएर निर्णय लिने गरेको देखिन्छ ।

स्थानीयस्तरमा कार्यकर्ताहरु दिनरात पार्टीको सङ्गठनका लागि जीवनको महत्वपूर्ण समय खर्च गरेको हुन्छ । सर्वसाधारणको सुखदुखमा सहभागी हुन्छन् । पार्टीको नेताको निर्देशनमा सङ्गठनलाई गतिशील बनाउन अहोरात्र खटेको हुन्छ । तपाईलाई माथिल्लोतहमा पुर्‍याउने कार्यकर्तापनि आफू तल्लोस्तरमा क्षमताअनुरुप ठाउँ खोज्नु स्वभाविक हो । सर्वसाधारण मतदाता र कार्यकर्ताको मनोभावनालाई लत्याउँदै स्थानीयस्तरमा पनि केन्द्रीयस्तरका नेताहरुले गठबन्धनको नाममा अमूक पार्टीको उम्मेद्वारको लागि ठाउँ छोड्न र उनलाई जिताउनका घरघरमा पुगेर मत माग्नका लागि निर्देश गर्दा कार्यकर्ताको मनोवलमा कस्तो असर पर्ला भनेर नेताहरुलाई हेक्का राख्नुपर्ने होईन् र, ।

मुलुकमा संविधान जारीपछि कुनैपनि दलले एकल बहुमत ल्याउन सकेको छैन् । त्यसको मुख्य कारणको रुपमा समानुपातिक प्रणालीनै हो । गठबन्धनको सरकारले गर्दा मुलुकमा राजनीतिक अस्थिरता कायम हुन सकेन् । पुराना दलप्रति विश्वसनीयता गुम्दै गइरहेको छ । नयाँ दलहरुले पनि खासै सम्झने खालको भूमिका निर्वाह गरेको देखिँदैन् । युवाहरुको विदेश पलायन तीव्रता लिएको छ । मुलुकमा रोजगारको व्यापक अभाव छ । विश्वविद्यालय राजनीतिक अखाडा बनेको छ । तस्करी र भ्रष्टाचार व्यापक बढेको छ ।

नेपाली काँग्रेस सवैभन्दा पुरानो पार्टी हो । यो पार्टीको पनि सरकारमा सहभागिता छ । राम्रो काम भयो भने प्रचण्डले यश पाउने हो, सरकार कतै असफल भयो भने काँग्रेसले सहयोगी भूमिका इमान्दारितापूर्वक निर्वाह नगरेको आरोप लाग्नेछ । अपयश बोक्नु पर्छ, यस्तो अवस्थामा सरकारमैं बसेर भएपनि गलत कार्यको विरोध गर्नुपर्छ । अहिले तीनजना युवाको अनाहकमा निःधन भयो । जसको सन्तान गुम्यो, त्यो आमाबावुको पीडा दस लाख रुपैयाँ दिँदैमा कम हुँदैन् । आगामी दिनमा यस्ता घटना हुन नदिनका लागि सरकारको कस्तो तयारी छ भन्ने सम्बन्धमा जानकारी लिनुपर्ने पहिलो दायित्व काँग्रेसको पनि हो । यदि, काँग्रेस कानमा तेल थापेर सुत्यो भने आगामी निर्वाचनमा महङ्गो पर्छ । 'इतिश्री'

# स्केट खेललाई हेर्ने दृष्टिमा परिवर्तन हुँदै

सुशील दर्नाल

तिलोत्तमा-४ स्थित डिङ्गनगरका रामकृष्ण परियारलाई आजकल स्केट खेलप्रति आकर्षण बढेको छ । पहिला छोरा अभिषेकले स्केट खेल खेलेको पटक्कै मन पर्दैनथ्यो । छोराले स्केट खेलमै प्रगती गर्न थालेपछि उहाँ यस खेलप्रति आकर्षित हुनु भएको हो । रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा आयोजना गरिएको 'पाँचौ दक्षिण एसियालीस्तरीय स्केट बोर्ड प्रतियोगिता तथा स्केट जात्रा' मा हेर्न आउनु भएका रामकृष्ण भन्नुहुन्छ, "आजकाल त मलाई पनि खेल मन पर्न थालेको छ, म बुढो मान्छेलाई खेल्न त आउँदैन तर छोराले खेलेको देखेर खुसी लाग्छ, हामी बूढाबूढी छोराको स्केट खेल हेर्न तीन दिनदेखि दैनिक आउने गरेका छौं ।"

आफ्नो छोराले राम्रो खेलेको देखेर रामकृष्णकी श्रीमती अर्जनालाई पनि यो खेल राम्रो लाग्न थालेको छ । "सुरुमा त छोराले घरमै स्केट बोर्ड लिएर आउँदा अब छोरो बिग्रिने भयो, गलत बाटोमा लाग्ने भयो भन्ने चिन्ता लागेको थियो, यो खेलको बारेमा बुझेपछि विस्तारै हामीलाई पनि मज्जा लाग्दै गयो, अहिले छोराले राम्रो खेलेको देख्दा रमाइलो लाग्छ" अर्चनाले भन्नुभयो ।

तिलोत्तमा-४ स्थित ड्राइभरटोलका अमर विकलाई पनि आफ्नो छोराले स्केल खेलमा प्रगति गरेको देख्दा खुसी लाग्छ । १९ वर्षिय छोरा सुनिलले स्केट खेलबाटै विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार समेत जितिसक्नुभएको छ । उहाँ स्केट खेलका लागि भारत र थाइल्याण्डसमेत पुग्नुभएको छ । "हामीलाई छोराले यही स्केट खेलमै राम्रो गर्न सक्छ भन्ने लागेको छ" विकले भन्नुभयो ।

ड्राइभरटोलकै बाबु रामबहादुर कामु र आमा प्रेमकुमारी कामुका १५ वर्षिय छोरा यमबहादुर कामुले पनि जात्रामा आयोजना गरिएको प्रतियोगितामा भाग लिनु भएको थियो । छोराले प्रतियोगितामा भाग लिएको देख्दा बाबु रामबहादुर र आमा प्रेमकुमारी ढङ्ग हुनुहुन्थ्यो । यो स्केट खेल पनि अरु फूटबल, भलिबल जस्तै खेलिने खेल रहेछ भन्ने लागेको छ उहाँहरुलाई । अर्का खेलाडी खुसी विकेका बाबु मधु विके पनि स्केट जात्रा हेर्नका लागि लगातार तीन दिनदेखि उपस्थित हुनु भएको थियो ।

जात्रामा पाँच हजार खेलप्रेमीको सहभागिता रहेको थियो । युवादेखि वयस्क र वृद्धवृद्धाले समेत चासोका साथ जात्राबाट मनोरञ्जन लिएका थिए । जात्रामा सहभागी रमेश रानाभाटले भन्नुभयो,"आफूले अहिलेसम्म यस किसिमको खेल खेलेको देखेको थिएन, निकै रमाइलो लाग्यो । अब यो खेललाई पनि सरकारले प्राथमिकता दिनुपर्छ, यस्को संरक्षण गर्नुपर्छ र नेपालले यस खेलमा अन्तराष्ट्रिय प्रतिस्पर्धामा सफलता पाउन सक्छ ।"

हिजोका दिनमा यो खेल सडकमै खेल्नुपर्ने अवस्था थियो भने आज पार्कमै खेल्न सक्ने अवस्था रहेको अध्यक्ष पहाडीको भनाइ छ । "हिजोका दिनमा सडकमा खेल्न प्रहरीले दिँदैनथे, अभिभावकले पनि नकारात्मक रुपमा लिने गरेका थिए, तर आजको दिनमा विस्तारै सबैलाई बुझाउन सकिएको छ", उहाँले भन्नुभयो । पछिल्लो समयमा नेपाली स्केट खेलाडीहरु भारतका विभिन्न स्थानमा हुने स्केट प्रतियोगितामा विजयी हुन थालेका छन् । कतिपयले स्केट खेलबाटै आम्दानीको स्रोत पनि बनाउन सुकेका छन् । विस्तारै नेपालमा स्केट खेललाई हेर्ने दृष्टिमा सकारात्मक परिवर्तन आउन थालेको छ । स्केट खेल प्रतियोगिताका लागि नेपाली खेलाडीहरु जापान, दुवै, थाइल्याण्ड, भारत र इन्डोनेसियालगायतका मुलुकमा पुगिसकेका छन् । सन् २०१६ मा थाइल्याण्डमा आयोजना गरिएको राष्ट्रिय प्रतियोगितामा मिलन शाह ठकुरी विजयी हुनुभएको थियो । पहाडीले भन्नुभयो, "हिजोका दिनमा हामी सात दोबोटोको सम्म भागमा खेल्नुपर्ने थियो भने अहिले सडकबाट स्केट पार्कमा छिरिसकेको छ, पछिल्लो जात्रामा भाग लिनका लागि भारतलगायतका देशबाट लामो यात्रा गरेर पनि खेलाडीहरु आएका थिए ।"

स्केट-एड नेपालले स्केट खेलको सकारात्मक प्रभावका लागि विभिन्न विद्यालय र क्याम्पसहरुमा सचेतनामूलक कार्यक्रम गर्दै आएको छ । स्कूल र क्याम्पस पढ्ने अधिकांश विद्यार्थी तथा युवाको रुचीको खेल स्केट बन्दै गएको छ । संस्थाले सचेतनाको साथसाथै स्केट खेलसम्बन्धी सामग्री पनि हस्तान्तरण गर्दै आएको छ । सुरुको चरणमा नेपालमा स्केट खेल शून्य मात्रामा थियो भने आजकाल स्केट खेल खेल्ने खेलाडीको संख्यामा पनि वृद्धि भएको छ । स्केट पनि एउटा खेल हो भन्ने धेरैको बुझाइ भएको छ । पहिला स्केट भन्ने बित्तिकै दुर्व्यसनमा लागेका मानिसले खेल्ने खेल हो भनेर चिन्ने गरिन्थ्यो भने अहिले सोचाइमा परिवर्तन आएको छ । यो पनि भलिबल, फुटबल जस्तै एउटा खेल हो भन्ने चेतनाको विकास भएको छ ।



विश्वमा खेलिने फुटबल र क्रिकेटलगायतका खेलहरूमा जस्तै स्केट खेलमा पनि नेपालका युवाहरूको पछिल्लोपटक आकर्षण बढ्दै गएको हो । खासगरी अमेरिका, अस्ट्रेलियालगायत युरोपियन देशहरूमा साहसिक खेलको रूपमा खेलिने स्केट खेलप्रति नेपालका युवाहरू पनि सक्रिय बन्दै गएका छन् । सन् १९६० तिर अमेरिकाको एक शहरमा स्केट बोर्डलाई साधनको रुपमा लिने गरेको पाइन्छ । त्यसपछि युरोपियन देश हुँदै विश्वका अन्य देशहरुमा विकास भएको पाइन्छ ।

नेपालमा स्केट खेलको इतिहास हेर्ने हो भने सुरुसुरुमा विदेशहरु नेपाल आउँदा स्केट बोर्ड लिएर आउने र खेल्ने गरेको पाइन्छ । नेपालमा पहिले धनी परिवारका छोराछोरीले विदेशबाट ल्याएर खेल्ने गरे तापनि त्यसको व्यवस्थापन हुन सकेको थिएन । सन् २०११ मा स्केट खेलाडीहरुको एउटा सूमह बन्यो । यसले यो खेललाई व्यवस्थित बनाउन कोसिस गर्‍यो । पछि सन् २०१३ मा युवा फर चेन्जलगायत निजी क्षेत्रबाट विभिन्न सङ्घसंस्थाले स्केट खेलको संरक्षण र प्रवर्द्धनमा काम सुरु गरेको पाइन्छ । अहिले नेपालभरि करिब एक हजार स्केट खेलाडी सक्रिय रहेका छन् ।

स्केट खेललाई प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले २०७१ सालमा नेपाल स्केटिङ तथा स्केट बोडिङ सङ्घसमेत गठन गरेको छ । युवा फर चेन्ज संस्थाले बुटवलमा स्केट र अन्य खेलबारे समेत जानकारी लिन सकिने इन्डोर स्केट पार्क र रिसोर्स सेन्टर निर्माण गरेको छ । स्वदेशी एंम विदेशी खेलप्रेमी, उद्योगी, व्यवसायी, शिक्षाविद्, राजनीतिकर्मी, सञ्चार तथा कलाकर्मीहरुको समेत सहयोग र सद्भावमा आर्थिक सङ्कलन गरी बुद्धजन्मस्थल पवित्र भूमि लुम्बिनीस्थित रुपन्देहीको तिलोत्तमा-४ मा 'इनडोर स्केट पार्क एवं रिर्सोर्स सेन्टर' निर्माण प्रारम्भ गरिएको हो । पार्कमा सबै वर्गका खेलप्रेमी युवायुवतीलाई समान अवसर सिर्जना गर्ने गरी प्रशिक्षण, तालिम एवं होस्टेल र कार्यक्रम हल, पुस्तकालय समेत निर्माण गरी निःशुल्क सेवा प्रदान गरिँदै आएको छ । स्केट पार्क फ्रान्स, जर्मनी, क्यानडा, स्पेन, जापान, भारत र नेपालका स्केट क्षेत्रमा लागेका र अन्य सहयोगी व्यक्तिहरुको सक्रियतामा निर्माण गरिएको हो ।

स्थानीय उत्पादनको प्रवर्द्धनका साथै बालबालिका र युवा वर्गलाई लक्षित गरी यसपटक स्केट जात्राको आयोजना गरिएको हो । रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा यही पुस ५ देखि ७ गतेसम्म आयोजना गरिएको जात्रामा नेपालले तीन स्वर्ण, दुई रजत र तीन कास्य पदक जितेको छ । प्रतियोगितामा नेपालसहित भारत, बङ्गलादेश, श्रीलङ्का, भुटान, पाकिस्तान र माल्दिभ्सका तीन सय खेलाडीको सहभागिता रहेको थियो । जात्रामा स्केटिङ प्रतियोगिताका साथै विभिन्न स्टलहरुसमेत राखिएको थियो । आगामी वर्षको छैटौं संस्करण भारतमा गरिने भएको छ । पहिलो संस्करण काठमाडौं हुँदै पाल्पा, र तेस्रो, चौंथो र पाँचौ रुपन्देहीमै आयोजना गरिएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्याक्र्याल लामाले आफू विभिन्न देशमा जाने क्रममा त्यहाँ स्केट र स्केटिङको बारेमा जान्ने र बुझ्ने मौका पाएको र नेपालमा पनि त्यसको विकास गर्नुपर्नेमा जोड दिनुभयो । "ओलम्पिकमा गइसकेको खेल भएका कारण पनि स्केट खेललाई नेपालमा मात्रै नभएर दक्षिण एसियामै प्रवर्द्धन गर्नुपर्छ, जापान र युरोपियन मुलुकहरुमा राम्रो प्रवर्द्धन भइरहेको छ", उहाँले भन्नुभयो ।

नयाँ संविधानको कार्यान्वयनसँगै नेपाललाई सम्वृद्ध नेपाल बनाउने भनिएको छ । सम्वृद्ध नेपाल निर्माण हुँदैगर्दा नेपालको खेलकुद क्षेत्रको विकासलाई पनि तीव्र गतिमा अगाडि बढाउन जरुरी छ । लुम्बिनी प्रदेश खेलकुद विकास समितिका सदस्यसचिव गोविन्द भट्टराईले स्केट र स्केटिङको विकासको निम्ति स्थानीय, प्रदेश र सङ्घ गरी तीनै तहका सरकारले उत्तिकै चासोका साथ प्रवर्द्धन र विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

सन् २०२० को जापानमा भएको ओलम्पिकमा रोलर स्केटिङले खेलको मान्यता पाएको सन्दर्भमा नेपालमा पनि स्केट खेललाई पनि फुटबल, भलिबल वा अन्य खेलहरुलाई जस्तै मान्यता दिँदै सकारात्मक सोचका साथ सरकारले त्यसको विकास र संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

# सांसदलाई सक्रिय बनाउनुपर्ने सांसद लिम्बूको भनाई



टुडे समाचारदाता

काठमाण्डु । संसद्मा प्रवेश गरेसँगै राष्ट्रपति, उपराष्ट्रपति र सभामुख छान्ने काममा प्रारम्भिक केही समय बित्यो । प्रधानमन्त्रीलाई पनि कहिले हामीले त, कहिले प्रतिपक्षले भोट दिनेजस्ता राजनीतिक उथलपुथलको अवस्था बन्यो । यस्ता काममा केही समय बढी खेर गएकै कारण अहिलेसम्म आइपुग्दा जिम्मेवारीअनुरूप अलि थोरै काम भयो कि भन्ने लागेको छ । निर्वाचनमा जनताले जेजस्तो सोचेर मतदान गरेका थिए, कार्यकालको सुरुआती समयमा त्यसअनुरूप राजनीति अघि बढ्न सकेन कि भन्ने भान परेको थियो ।

सङ्घीयता कार्यान्वयनका सवालमा हाम्रै कोशी प्रदेशमा समेत नामकरणसहित धेरै प्रश्न उब्जियो । सङ्घीय संरचनानुसार हामीले भूमिका निर्वाह गर्न सकेनौँ कि भन्ने लागेको छ । स्थानीय तह र जिल्ला समन्वयसमेतका विषयमा खर्चबर्चको पनि कुरा जोडिएको छ । प्रदेश स्थापना गरी सञ्चालनको अभ्यास गरिए पनि अधिकार भने दिइएन भन्ने आरोप छ । कतिपय प्रदेश सरकारमा राजनीतिक स्थायित्व पनि भएन, तिनले कार्य जिम्मेवारी पूरा नगरेको अवस्था छ । केही विषयमा अझै वादविवाद जस्तो देखिन्छ । उनीहरूले आफैँ कानुन बनाएर जान सकेको अवस्था छैन । सङ्घले पनि सहजै अधिकार हस्तान्तरण गर्न चाहेको देखिन्न ।

सडक सञ्जाल पहिलो प्राथमिकता

ताप्लेजुङ पहिराका हिसाबले जोखिमपूर्ण जिल्ला हो । त्यहाँ पहिरामा परेर धेरै ठूलो जनधनको क्षति भएको छ । गएको बर्खापछि म दुई महिनाभन्दा बढी जिल्लाका प्रत्येक गाउँमा पुगेर फर्किएँ । पहिराले धेरै क्षति पुऱ्याएको रहेछ, ग्रामीण सडक क्षतिग्रस्त बनेका छन् ।

पहिले एक जनप्रनिधिका नाताले मुख्य जिम्मेवारी विकास निर्माण नै होला भन्ने लागेको थियो तर सदनमा प्रवेश गरेपछि कानुन निर्माण नै सर्वोच्च प्राथमिकतामा रह्यो । जनताको आशा भने आयोजना र विकासमै केन्द्रित छ । हामीले जिल्लामा सानो काम गरिदिँदा जनतालाई ठूलो राहत मिल्छ । हाम्रो जनजीवन र सामाजिक बनोटअनुरूप केन्द्रीय जनप्रतिनिधिसँग विकास माग्ने आदत अहिले नै अन्त्य भइहाल्छ जस्तो लाग्दैन ।

त्यसैले कहिलेकाहीँ मन्त्रालयका कोठाचोटामा जिल्लाका विकास, पूर्वाधारका फाइल च्यापेर हिँड्नुपर्ने बाध्यता छ । यी विषय आगामी निर्वाचन र पार्टीको जिम्मेवारीसँग जोडिने कुरा हुन् । सामाजिक दायित्व र समाजको चेतनानुसार सङ्घीय सांसद भए पनि जिल्ला र गाउँका ससाना कुरामा अहोरात्र खटिनुपर्छ । यस्ता कुरामा पार्टी कार्यकर्ता मात्र नभई स्थानीय तहका निर्वाचित जनप्रतिनिधिको समेत जोडबल रहन्छ ।

सरकारका मन्त्रीहरूप्रति मेरो एउटा गुनासो छ : कुनै काम लिएर जाँदा हुने भए गरिदिने, नहुने हो भने यति कारणबाट हुन्न र सकिन्न भनी स्पष्ट जवाफ दिनुपर्छ, अल्झाएर राख्नुहुन्न । विधि र प्रक्रिया अर्थात् प्रणालीले काम गर्ने हो भने कोठाकोठा चहार्ने बाध्यता घट्छ । जनताका राम्रा प्रस्ताव र काम जुनसुकै अवस्थामा पनि गरिदिनुपर्छ भन्ने लाग्छ ।

राजधानीबाट टाढा, दुर्गमका जनताले धेरै आस गरेका हुन्छन् । ग्रामीण बस्तीमा पुग्ने मोटरबाटो, पहिरो नियन्त्रण, सदरमुकाममा सुविधासम्पन्न सामुदायिक र जिल्ला अस्पतालका नयाँ भवन निर्माण तथा प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिर पुग्ने सडक कालोपत्रे जिल्लाका प्राथमिकताप्राप्त आयोजना हुन् ।

ग्रामीण भेग भएकाले र सडक नहुँदा खासगरी सुत्केरीलाई अस्पताल पुऱ्याउन निकै कठिन छ । सडक सुविधा नहुँदा समयमै अस्पताल पुग्न नसकेर विगतमा, कोरोना महामारीमा धेरैको ज्यान गयो । विमानस्थल छ तर मौसमलगायत विविध कारणले विमान आउन्न । त्यसो भएकाले पनि सडक पहिलो प्राथमिकता बनेको हो । विभिन्न मनमोहक झर्ना, खोला र पोखरी मन्दिर आदि समेटिएको कञ्चनजङ्घा क्षेत्रयुक्त ताप्लेजुङ धार्मिक र पर्यटकीय हिसाबले वैभवशाली जिल्ला हो ।

सदनको छलफलमा महिला

सदन र विषयगत समितिमा हुने बहस तथा छलफलमा महिला सहभागिता प्रभावकारी छ । महिला भएकै कारण त्यहाँ हुने बहसमा अवसर नपाएको अवस्था छैन । संसद्मा बोल्न भने कुर्नुपर्छ नै । साना पार्टीमा भने बोल्ने पालो पटकपटक आइरहन्छ । निर्वाचन क्षेत्र, जिल्ला र देशका समसामयिक विषयमा आफ्ना कुरा राख्न नपाएको भन्ने कसैको गुनासो पाइन्न । जनताले भोग्नुपरेका दैनिक समस्या र विकास निर्माणका विषयमा महिला सांसदले नै सक्रियताका साथ धेरै बोल्ने अवसर प्राप्त गर्नुभएको छ ।

सदन होस् वा संसदीय समितिका बैठक, पुरानाका तुलनामा केही नयाँ विधायकले भने निकै सक्रियताका साथ काम गरेको अनुभूति गरेकी छु । कानुन र विधि बनाउने मुख्य जिम्मेवारीमा आइसकेपछि आफ्नो दायित्वलाई सबै सदस्यले बुझ्नुपर्छ । संसदीय दलले सांसदलाई सक्रिय र प्रभावकारी कार्यसम्पादनका लागि प्रेरित गर्नुपर्छ । संसदीय दलका बैठक पनि नियमित हुनुपर्छ । त्यहाँ कानुन निर्माण र विधेयकलाई समृद्ध तुल्याउने सन्दर्भमा पार्टीको आफ्नो दृष्टिकोणबारे बुझाउनुपर्छ । त्यसमा भने केही कमजोरी भएको छ । नियमित बैठक र स्पष्ट निर्देशन भएन भने अलमल हुन्छ । विभिन्न सदस्यलाई भिन्नभिन्न विषयमा बोल्न अह्राउनु र खटाउनुपर्छ । उठाइएका विषयलाई सम्बोधन गरिनुपर्छ ।

जनतालाई काम र प्रोत्साहन छैन

मुलुकमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा एउटै मोर्चामा रही निर्णायक योगदान गरेका प्रमुख राजनीतिक शक्ति मुलुकको विकास र समृद्धिका कार्यसूचीमा एउटै दृष्टिकोणसहित एक ढिक्का हुनुपर्नेमा त्यसो नभएको अनुभूति भएको छ । जीवनको ऊर्जावान् समय सबै आन्दोलनमा गुमाउने हामीजस्ता धेरै छौँ ।

हामीले दुःखका साथ देशको राजनीतिक व्यवस्था पटक पटक परिवर्तन गऱ्यौँ । कैयौँ पटक लडाइँ लडियो, धेरै सहिद भए । त्यस पक्ष र पाटालाई सोचेर सोहीअनुरूपको जिम्मेवारी दिइनुपर्छ । त्यो नहुँदा युवापुस्ताले अहिले राजनीतिप्रति चासो दिएको पाइन्न । हिजोका बलिदानीअनुरूप आज जनताले न काम पाउँछ, न खेतीपातीका लागि प्रेरणा र प्रोत्साहन दिइन्छ । त्यसले गर्दा ठुलो संख्यामा हाम्रो श्रमशक्ति बाहिरिएको छ । त्यसलाई रोक्न छिटो निर्णय नलिने हो भने अझ अप्ठेरो स्थितिमा पुग्ने अवस्था आउन सक्छ ।

लामो राजनीतिक यात्रामा निकै दुःखकष्ट भोगेका भन्दा नवप्रवेशीले अत्यधिक सेवासुविधा प्राप्त गरेर हिँड्ने परिस्थितिले अनियमिता र भ्रष्टाचार नियन्त्रण गर्न चुनौती खडा गरेको छ । पछिल्लो राजनीतिमा रहेका पुस्तामा पनि कर्तव्य र योगदानभन्दा स्वार्थीपन हावी छ ।

अहिले स्थानीय तहमा ठूलो भ्रष्टाचार भएको छ, त्यसलाई कार्यकर्ता भर्ती केन्द्र बनाइएको छ । राज्यको सेवासुविधा लक्षित क्षेत्र र वर्गमा पुग्न सकेको देखिन्न । भ्रष्टाचारको जरो गाउँगाउँमा पुगिसकेको छ । त्यहाँ अनुगमन र मूल्याङ्कनको खाँचो छ । पहुँच र प्रभावमा बजेट ल्याउने र खर्च गर्ने प्रवृत्तिले भ्रष्टाचारलाई मलजल गरेको छ ।

हाल शिक्षा विधेयकमाथि संसदीय समितिमा भइरहेको छलफल र सरोकार पक्षको कुरा सुन्दा राज्यको लगानी खेर गएकोजस्तो लाग्छ । अपाङ्गता भएका व्यक्तिको समस्या र रोदन सुन्दा झनै दुःखित तुल्याएको छ । योगदानअनुसारको न्यूनतम सेवा र सुविधा तथा सामाजिक सेवा नपाएको मात्र हैन, शिक्षाबाट ठूलो संख्या वञ्चित छ ।

सुलभ शिक्षा र रोजगारीका लागि युवापुस्ता विदेश जान बाध्य छ । घरको भात खाएर पढ्ने अवसर स्वदेशमै भएको भए उनीहरू देश छाडेर बाहिर जान्थेनन् होला । परिवार धान्न र रोजीरोटीका लागि विदेश जान तयार युवालाई रोक्न राज्यले आफूले बोल्ने र अवलम्बन गर्ने नीतिमा एकरूपता ल्याउनु आवश्यक छ ।

( कांग्रेस नेत्री लिम्बूसँग उपप्रमुख समाचारदाता नारायण न्यौपानेले गरेको कुराकानीको सम्पादित अंश । नेपाली कांग्रेसकी नेत्री लिम्बू कोशी प्रदेश ताप्लेजुङ सिबिङ्वा-६ का स्थायी बासिन्दा हुनुहुन्छ । विसं २०३६ देखि राजनीतिक यात्रामा प्रवेश गर्नुभएकी सांसद लिम्बूसँग नेपाल महिला सङ्घ जिल्ला सभापति र केन्द्रीय सदस्य तथा कांग्रेस जिल्ला पार्टी सभापति भई काम गरेको अनुभव छ । हाल प्रतिनिधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सदस्य उहाँ यसअघि संविधानसभा र प्रदेशसभा सदस्य उम्मेदवारसमेत थिइन् ।)

# जनताको गुनासो सम्बोधन हुने मन्त्री ज्वालाको भनाई



टुडे समाचारदाता

चितवन । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पूर्वपश्चिम रेलमार्ग निर्माणका क्रममा जनताका गुनासो सम्बोधन गर्दै सरकार अघि बढ्ने बताएका छन् ।

शनिबार पत्रकारसँग कुरा गर्दै उनले रेलमार्ग अध्ययनका क्रममा बस्तीमा परेको भन्दै जनता आन्दोलित बनेको विषयमा सर्वपक्षीय छलफलबाट समस्याको समाधान निकाल्ने बताए । उनले भने, "जनताको गुनासो सम्बोधन गरेर अघि बढ्छौँ ।" तत्काललाई अध्ययनको काम रोकिएको उनले जानकारी दिए ।

जनताको असन्तुष्टि गुनासाका विषयमा आफ्नो ध्यानाकर्षण भएको उनले बताए । उनले भने, "आज हामी यहाँको अवस्था केहो, के कति क्षति हुन्छ भन्ने विषयमा छलफलबाट निष्कर्ष निकाल्ने छौँ ।" जनप्रतिनिधि, दलका प्रतिनिधि र सरोकारवालाबीच आजै छलफल गरिने उनले बताए । पूर्वपश्चिम रेलमार्गाको रेखाङ्कनको विषयमा आफूहरु छलफलका क्रममा रहेको उनले बताए । विवाद आइसकेपछि काम अहिलेका लागि स्थगित गरिएको उनको भनाइ छ ।

वास्तविकता के हो र यसबाहेकका विकल्प के हुनसक्छ भन्ने विषयमा छलफल गरेर जनताको गुनासो सम्बोधन हुने उनले बताए । फरक प्रसङ्गमा मन्त्री ज्वालाले सडक निर्माणका लागि बजेटका कारण समस्या भएको बताऐ । सडक निर्माणका लागि पर्याप्त बजेट नहुँदा आयोजना तीव्र रुपमा अघि बढ्न नसकेको उनले बताए ।

उनले भने, "रु ३७ अर्ब बजेट घटाइएको छ, बजेट घटेपछि स्वाभाविकरुपमा आयोजना प्रभावित भएका छन् ।" बजेटको अभाव र निर्माण व्यवसायीको ढिलाइले समेत समस्या भएको उहाँको भनाइ थियो । यी समस्या समाधान गर्दै अघि बढेको उनले बताए । बजेटका विषयमा अर्थ मन्त्रालयसँग छलफल गर्दै देखिएका समस्या समाधान गर्दै मन्त्रालय अघि बढेको उनले बताए ।

# हस्तकला नीतिलाई पूर्णता दिईने

टुडे समाचारदाता

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण टेवा पुऱ्याएको हस्तकला क्षेत्रको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल हस्तकला महासङ्घको ४३औँ वार्षिक साधारणसभालाई शनिबार सम्बोधन गर्दै उनले हस्तकला नीतिको मस्यौदालाई चाँडै पूर्णता दिइने तथा साते प्रदेशमा हस्तकलाग्राम निर्माणका निम्ति उच्चस्तरमा छलफल अघि बढाइने बताए । मुलुकको तीव्र आर्थिक विकास नै आजको प्रमुख कार्य हो भन्दै उपप्रधानमन्त्री श्रेष्ठले सरकार यसका निम्ति क्रियाशील रहेको बताए । उनले सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्रमा राखेर सरकार अघि बढिरहेको उल्लेख गर्नुभयो । "विकास र आर्थिक क्रियाकलापलाई केन्द्रमा राखिएको छ, सुशासनलाई त्यसको पूर्वसर्त बनाइएको छ", उनले भने, "सुशासनबिना परिणाम दिन सकिँदैन, सरकार त्यसप्रति सचेत छ ।"

बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्राकारले हस्तकलाका उत्पादन निर्यात गरी मुलुकको आर्थिक अवस्थालाई सबल बनाउन सकिने दृष्टान्त दिँदै निर्यात प्रवर्द्धनमा सहजीकरण गर्न बागमती प्रदेश सरकार तयार रहेको बताए ।

# भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड : सहरी विकासमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । सहरी विकासमन्त्री सीता गुरुङले दिगो पूर्वाधार विकासलाई प्रभावकारी बनाउन भूकम्प प्रतिरोधी संरचना निर्माण गर्नुपर्ने बताएकी छन् ।

डिप्लोमा इञ्जिनियर्स एशोसिएसन नेपाल (डिन) केन्द्रीय समितिद्वारा शनिबार आयोजित 'राष्ट्रिय भूकम्प सुरक्षा दिवस तथा प्रकोप प्रतिरोधी तथा भौतिक पूर्वाधारको गुणस्तरसम्बन्धी राष्ट्रिय सम्मेलन' मा मन्त्री गुरुङले भूकम्प पश्चात्का पुनः निर्माणका साथै भौतिक संरचना निर्माण गर्दा भूकम्पीय जोखिम कम हुने किसिमले बनाउनुपर्नेमा जोड दिईन् । उनले दिगो पूर्वाधार विकासलाई प्रभावकारी बनाउन सम्पूर्ण इञ्जिनियरका साथै प्राविधिक क्षेत्रका जनशक्तिको भूमिका महत्वपूर्ण रहने बताईन् ।

मन्त्री गुरुङले प्राविधिक क्षेत्रका कानुन तथा मापदण्डको कार्यान्वयन गरी भूकम्प प्रतिरोधी संरचना निर्माण गरी दिगो विकासलाई प्रभावकारी बनाउनुपर्ने बताईन् । "राष्ट्रिय सहरी भवन संहितालाई स्थानीय तहमा कार्यान्वय गराउन प्राविधिक जनशक्तिको आवश्यकता छ । भूकम्प पश्चात्का पुनः निर्माणलाई सुदृढ ढङ्गले उत्थान गर्न, दिगो पूर्वाधार विकासलाई प्रभावकारी बनाउन यस क्षेत्रको भूमिका महत्वपूर्ण छ", उनले भनीन् ।



मन्त्री गुरुङले डिनलाई संस्थागत गराउने सम्बन्धमा आएका मागलाई मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता जनाउँदै इञ्जिनियरिङ क्षेत्रको विविधता, डिन तथा प्राविधिक क्षेत्रको एकीकृत संरचना आजको आवश्यकता रहेको मन्त्री गुरुङले जिकिर गरे ।

छब्बिऔँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको उद्घाटनका अवसरमा खानेपानी मन्त्रालयका सचिव इञ्जिनियर सुरेश आचार्यले भौतिक पूर्वाधारको गुणस्तरीयतामा वृद्धि गरेमा विपद्को जोखिम न्यूनीकरण गर्न सकिने बताए । उनले सङ्घीयता कार्यान्वयनको अनुभूति दिलाउन स्थानीय तहमा प्राविधिकको सहभागिता आवश्यक रहेकामा जोड दिए ।

सचिव आचार्यले प्रशासनिक क्षेत्रका कर्मचारीको सीप अभिवृद्धिका लागि नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र जस्तै इञ्जिनियरिङ क्षेत्रमा सिफारिस भएका कर्मचारीको सीप विकासका लागि इञ्जिनियरिङ प्रशिक्षण आवश्यक रहेको बताए ।डिनका सल्लाहाकार डा राजेन्द्रप्रसाद अधिकारीले 'प्रकोप प्रतिरोधी तथा भौतिक पूर्वाधारको गुणस्तरसम्बन्धी' कार्यपत्र प्रस्तुत गर्दै दिगो पूर्वाधार निर्माणमा प्राविधिकको भूमिकालाई थप स्पष्ट पारे ।

सोही अवसरमा डिन प्राविधिक समितिका संयोजक इञ्जिनियर खड्ग केसीले भूकम्पीय जोखिमयुक्त मुलुकमा भूकम्पको जोखिम थेग्नसक्ने भौतिक पूर्वाधार नहुँदा समस्या भोग्नुपरेको जिकिर गर्दै सरकार, विकास प्राविधिक तथा समुदायबीच सहकार्य, समन्वयनको वातारण सिर्जना गर्नुपर्नेमा जोड दिए ।

# सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न तहगत जिम्मेवारी

टुडे समाचारदाता

काठमाण्डु । सङ्घ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीभित्र पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको विभाजनसहित एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० जारी भएको छ ।

गत मङ्सिर २१ गतेको मन्त्रिपरिषद् बैठकले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गरेको हो । हाल राज्यबाट विभिन्न १९ वटा कार्यक्रमअन्तर्गत ८७ वटा 'स्किम'मा सामाजिक सुरक्षा र संरक्षण उपलब्ध भइरहेका छन् । सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरु एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवासुविधामा दोहोरोपना हुनाका साथै सञ्चालन खर्च बढेको थियो ।

सामाजिक सुरक्षा र संरक्षणका लागि अन्तरनिकाय जिम्मेवारी र जवाफदेहिता तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धबारे स्पष्ट थिएन । एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाले तीन तहका सरकारको जिम्मेवारी निर्धारण गरेको छ ।

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरु हाल १४ वटा मन्त्रालय र ती मातहतका विभिन्न निकायबाट कार्यान्वयन भएका छन् ।

प्रदेश सरकार र स्थानीय तहले पनि सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिरहेका छन् । यी कार्यक्रममा अन्तर-आबद्धता कायम गरी दोहोरोपन हटाउन नसकेको अवस्था छ । एकीकृत नीति कार्यान्वयनपछि यस्तो दोहोरोपन हट्ने र सामाजिक सुरक्षा कार्यक्रमप्रति तीनवटै तहका सरकारको जवाफदेहिता बढ्ने ठानिएको छ ।

तहगत जिम्मेवारी :

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाअनुसार सामाजिक सुरक्षा भत्ता, सरुवा रोगको निःशुल्क उपचार, खाद्यान्न ढुवानी अनुदान, कण्ठरोग नियन्त्रण, सुरक्षित नागरिक आवास कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रम र वैदेशिक रोजगारीका लागि आर्थिक सहायता कार्यक्रम सङ्घीय सरकारको कार्य जिम्मेवारीभित्र समावेश गरिएको छ ।

सङ्घ र प्रदेश सरकारको संयुक्त जिम्मेवारीमा निःशुल्क कानुनी सहायता, निवृत्तिभरण, उपदान, उपचार खर्च, बीमा, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषका कार्यक्रम छन् । एड्स तथा यौनरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण कार्यक्रम, जग्गा स्वामित्व प्राप्तिमा छुटलाई प्रदेशको एकल जिम्मेवारीमा राखिएको छ ।

तीनवटै तहको जिम्मेवारी रहेका कार्यक्रममा विपन्न स्वास्थ्य उपचार कार्यक्रम, राहत, उद्धार तथा पुनः स्थापना कार्यक्रम छन् । स्थानीय तहको एकल जिम्मेवारीमा सबै प्रकारका छात्रवृत्ति, विद्यालय खाजा कार्यक्रम, समाज कल्याण कार्यक्रम, हवाई उद्धार सेवा, बाल कल्याण सहयोग, बाली तथा पशुपन्छी बीमा, उखु उत्पादक किसान अनुदान, ब्याज अनुदान, जडीबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान र प्रधानमन्त्री रोजगार कार्यक्रम छन् ।

सङ्घ र स्थानीय तहको जिम्मेवारीमा युवा स्वरोजगार कोष, मुक्त हलिया अनुदान, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम छन् । प्रदेश र स्थानीय तहले संयुक्त जिम्मेवारीमा गर्नुपर्ने काममा आमा सुरक्षा कार्यक्रम, प्रसूतिपूर्वको सेवा, आमा र बच्चा पोषण परि पूरण कार्यक्रम छन् ।

सामाजिक सुरक्षा कार्यक्रममा तीन तहका सरकारबीच देखिएको दोहोरोपन हटाउन सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने आवश्यकता एकीकृत संरचनाले औँल्याएको छ ।

सबै निकाय तथा तहगत सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई अब एकल प्रणालीमा आबद्ध गरिनेछ । त्यसैगरी, सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकल परिचय नम्बरका आधारमा सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले लिएको छ ।

सामाजिक सुरक्षाका हरेक कार्यक्रमको अलग-अलग सङ्केतका आधारमा बजेट व्यवस्थापन गर्ने नीति लिइने एकीकृत संरचनामा उल्लेख छ ।

भविष्यमा सञ्चालन गरिने सबै प्रकारका सामाजिक सुरक्षा भत्ता र सहयोग कार्यक्रमलाई अधिकारमा आधारित, आवश्यकतामा आधारित, बहुक्षेत्रगत सम्बन्ध तथा समन्वय र योगदानमा आधारित गरी चार प्रकारमा विभाजन गरिने भएको छ । अधिकारमा आधारित स्वास्थ्य, शिक्षा, आवासलगायत कार्यक्रममध्ये निःसर्त नगद हस्तान्तरणका काम सङ्घ सरकारबाट कार्यान्वयन गरिने जनाइएको छ ।

गरिबी तथा जोखिममा रहेका व्यक्ति, परिवार तथा समुदायको आवश्यकता पूरा गर्न सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै, सामाजिक सुरक्षा र संरक्षणलाई जीवनयापन चक्रमा आइपर्ने गरिबी र जोखिम न्यूनीकरणका लागि आवश्यक संरक्षणका उपायका रुपमा विकास गरिने जनाइएको छ । सहभागिता, अपनत्व तथा वित्तीय दिगोपनासहितको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई सरकारले अधिक प्राथमिकता दिने एकीकृत संरचनामा उल्लेख छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा लाभग्राही स्वयंको योदान, नेपाल सरकार वा तहगत सरकारबाट हुने योगदान, रोजगारदाताबाट हुने योगदान र तेस्रो पक्षीय योगदान रहनेछ ।

सामाजिक सुरक्षामा १४ प्रतिशत खर्च

नेपालमा सामाजिक सुरक्षाबाट ३२ प्रतिशतभन्दा बढी जनसङ्ख्या लाभान्वित भइरहेको छ । सामाजिक सुरक्षामा क्रमशः बढ्दै गएको खर्च दायित्वका कारण यस्ता कार्यक्रमको विस्तार र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा कूल राष्ट्रिय बजेटको १४ दशमलव आठ प्रतिशत बजेट छुट्याइएको छ । चालु आर्थिक वर्षका लागि सरकारले कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट जारी गर्दा सामाजिक सुरक्षामा रु दुई खर्ब ५८ अर्ब ७९ करोड १९ बराबर छुट्याइएको छ ।

बर्सेनि दायित्व बढ्दै गए पनि वित्तीय स्रोत अभाव मुख्य समस्या हो ।

करिब पूँजीगत खर्चकै हाराहारीमा सामाजिक सुरक्षा शीर्षकमा खर्च हुन थालेपछि एकीकृत संरचनामार्फत वित्तीय स्थायित्वका विभिन्न उपाय पनि पहिचान गरिएका छन् । दोहोरोपन हटाउन एकीकृत सूचना तथा व्यवस्थापन प्रणाली अनिवार्य रुपमा लागू गर्ने र योगदानरहित स्किमलाई योगदानमा आधारित उपायमा परिणत गर्ने नीति सरकारले लिएको छ । त्यसैगरी, सामाजिक सुरक्षाको खर्च व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको कोष एकीकृत रुपमा परिचालन गर्ने, निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रको सहभागिता अभिवृद्धि गर्नेलगायत विभिन्न विधि अपनाइने उल्लेख छ ।

नगदमा उपलब्ध गराइने सामाजिक सुरक्षाको भुक्तानीमा निश्चित प्रतिशत सामाजिक सुरक्षा कर लगाइनुपर्ने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ ।

# यमनमा अमेरिकी आक्रमण



सान । एएफपी

इरान समर्थित लडाकूसमूहले 'रेड सी' मा पानी जहाजमाथि थप आक्रमण गर्ने चेतावनी दिएपछि अमेरिकाले यमनको हुथी विद्रोहीलाई लक्षित गरी शनिबार पुनः आक्रमण गरेको अमेरिकी केन्द्रीय कमाण्डले जनाएको छ ।प्यालेस्टिनी लडाकू समूह हमाससँग इजरायलले गरिरहेको युद्ध प्यालेष्टिनी थप क्षेत्रमा बिस्तार हुने देखिएपछि यमनी हुथी समूहले आफ्नो क्षेत्रीय सहयोगी हमासलाई सहयोग गर्दै इजरायलको युद्ध बिस्तारविद्ध चेतावनी दिएको हो ।

यमनले 'रेड सी' मा इजरायल सम्वद्ध जहाजमाथि आक्रमण बढाएको एक दिनपछि हुथीको राडार साइटमा आक्रमण भएको हो ।इरान समर्थित लडाकूको सरकारी सञ्चारमाध्यमले यसअघि यमनको विद्रोहीको नियन्त्रणमा रहेको राजधानी सानामा रहेको अल-दैलामी एयरबेसमा आक्रमण भएको जनाएको थियो ।

इजरायल-हमास युद्धको विरोधमा हप्तौंदेखि इजरायलसँग जोडिएको पानीजहाजमा आक्रमण गर्दै आएका हुथी विद्रोहीले पहिलो आक्रमणपछि अमेरिका र बेलायतको स्वार्थ 'वैध निशाना' भएको चेतावनी दिएका छन् ।बेलायत, संयुक्त राज्य अमेरिका र आठ सहयोगी राष्ट्रले शुक्रबार गरिएको हवाई आक्रमणको उद्देश्य 'तनाव कम गर्ने' रहेको बताएका छन् तर हुथी विद्रोहीले आक्रमण जारी राख्ने प्रतिबद्धता जनाएका छन् ।

विद्रोहीहरूको सर्वोच्च राजनीतिक परिषद्ले भनेको छ, "आक्रमणपछि सबै अमेरिकी-बेलायती स्वार्थहरू वैध निशाना बनेका छन् ।"विद्रोहीका उपविदेशमन्त्री हुसेन अल एज्जीले संयुक्त राज्य अमेरिका र बेलायतले ठूलो मूल्य चुकाउन तयार हुनुपर्ने बताएका छन् ।

सन् २०१४ मा गृहयुद्ध सुरु भएदेखि नै विद्रोहीहरूले यमनको अधिकांश भाग आफ्नो नियन्त्रणमा लिएका छन् र इजरायल र यी गतिविधि उसका सहयोगीहरूविरुद्ध इरान समर्थित 'प्रतिरोधको उच्चतम' हिस्सा हुन् । यमन, लेबनान, इराक र सिरियामा अक्टोबरको सुरुमा गाजामा युद्ध सुरु भएयता इरानसमर्थित समूहमाथि हिंसा बढेको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले क्षेत्रीय शान्ति र स्थायित्वका लागि सबै पक्षलाई तनाव नबढाउन आग्रह गर्नुभएको महासचिवका प्रवक्ता स्टेफन दुजारिकले जानकारी दिनुभयो ।हुथी विद्रोहीले पानीजहाजमाथि गरेको आक्रमण तत्काल रोक्न माग गर्दै प्रस्ताव पारित गरेको केही दिनपछि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले शुक्रबार आपतकालीन बैठक बोलाएको थियो ।

भेटमा अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले हुथी विद्रोहीले 'रेड सी' मा पानीजहाज सञ्चालन गर्दा हुने खतराबाट कुनै पनि जहाज सुरक्षित नरहेको चेतावनी दिनुभएको थियो ।रूसी राजदूत भासिली नेबेन्जियाले देशको सम्पूर्ण जनतामाथि भएको 'निर्लज्ज सशस्त्र आक्रमण'को निन्दा गर्नुभएको छ ।

मध्यपूर्वका नेताहरूले हिंसाप्रति चिन्ता व्यक्त गरेका छन् । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले यमनमाथिको आक्रमणलाई अनुचित भन्दै यसले 'रेड सी' क्षेत्र रक्तपातपूर्ण बन्नसक्ने बताउनुभएको छ । साउदी अरबले सैन्य कारबाहीलाई निकै चिन्ताका साथ हेरिरहेको बताउँदै 'आत्मसंयम र तनावबाट जोगिन' आह्वान गरेको छ ।

सन् २०२२ को सुरुमा भएको युद्धविरामपछि साउदी अरबले हुथी विद्रोहीसँग नौ वर्षसम्म चलेको युद्धबाट आफूलाई मुक्त गर्ने प्रयास गरिरहेको छ ।हमासले क्षेत्रीय सुरक्षामा परेको असरका लागि बेलायत र संयुक्त राज्य अमेरिकालाई जिम्मेवार भएको दावी गरेको छ ।

# अशक्तताका बाबजुद स्वर्णपदक जित्न सफल



टुडे समाचारदाता

म्याग्दी । धवलागिरि गाउँपालिका-७ धारापानीका ३२ वर्षीय केशव थापाको खेलाडी बनेर प्रतिभा देखाउने र देशलाई चिनाउने सानैदेखिको सपना थियो । विसं २०६७ पुस २७ गते घाँस काट्ने क्रममा रुखबाट लडेपछि स्नातक तहको पहिलो वर्ष अध्ययन गर्दै गरेका थापाको कम्मरभन्दा तलको भाग नचल्ने भयो ।

अठार महिना अस्पताल र पुनःस्थापना केन्द्रमा उपचार गरेपछि मेरुदण्ड पक्षघात (स्पाइनल इन्जुरी) भएका थापा ह्विलचियरमा हिँडडुल गर्छन् । पढाइ र खेलमा अब्बल थापाले शारीरिक प्रतिकूलताका बाबजुद लक्ष्य हासिल र सपना पूरा गर्न हिम्मत हारेनन् । उनले ह्विलचियरकै साहराले शारीरिक अपाङ्गता भएकाबीच हुने पारा टेबल टेनिसको एक अन्तर्राष्ट्रिय र छ राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जितेका छन् । उनले समाजशास्त्रमा स्नातकोत्तर गरेका छन् ।

"बास्केटबलमा मेरो रुचि र अनुभव थियो", उनले भने, "शारीरिक अवस्था प्रतिकूल भएपछि नेपाल अपाङ्ग सङ्घले सञ्चालन गरेको खगेन्द्र नवजीवन गृहमा बसेर पढाइलाई निरन्तरतासँगै ह्विलचियरमै बसेर टेबल टेनिस र बास्केटबल खेल्न सिके, प्रतियोगितामा भाग लिएर सफल पनि भए", उनले भने ।

आत्मविश्वास, निरन्तरको अभ्यास र मेहनतका कारण खेलकुद र पढाइलाई सँगसँगै अघि बढाउन सफल भएको थापाको अनुभव छ । पुनःस्थापना केन्द्रमा बस्दा समय व्यवस्थापनका लागि आफू जस्तै अन्य साथीले खेलेको देखेर थापाले ह्विलचियरमा बसेर टेबल टेनिस खेल्न सिकेका थिए ।

सन् २०१४ मा बङ्गलादेशमा भएको पारा टेबल टेनिस प्रतियोगितामा थापाले स्वर्णपदक दिलाएका थिए । नेपालको प्रतिनिधित्व गरेर उनले सन् २०१८, २०१९ र २०२२ मा भएको पारा एसियन टेबल टेनिस च्याम्पीयनसिप प्रतियोगितामा भाग लिएका थिए ।

पोल्याण्ड, जापान र थाइल्याडमा भएको छनोट खेलमा सहभागी भएका थापाले भूटानमा पारा टेबल टेनिसको अन्तर ाष्ट्रिय 'कोच'सम्बन्धी पहिलो तहको तालिम लिएका छन् । राष्ट्रियस्तरको प्रतियोगितामा छ स्वर्णपदक जितेका थापाले अपाङ्गता मात्र नभई सवालङ्गलाई पनि टेबलटेनिस खेलसम्बन्धी प्रशिक्षण दिन्छन् ।

यसै वर्ष पेरिसमा हुने पारा ओलम्पिकको छनोट खेलको तयारीमा रहेका थापा मे महिनामा पाराओलम्पिक वर्ल्ड क्वालिफिकेसन च्याम्पीयनसिपमा भाग लिन थाइल्याड जाने तयारीमा छन् । थापालाई युवा तथा खेलकुद मन्त्रालयले विसं २०७८ मा रु एक लाख राशिको खेल प्रतिभा पुरस्कार प्रदान गरेको थियो । नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घले विसं २०७६ मा 'एनएनआइपीए अवार्ड' बाट सम्मान गरेको थियो। धवलागिरि गाउँपालिकाले यही पुस २६ गते २१औँ गाउँसभाका अवसरमा रु १० हजार पाँच सयसहित थापालाई पुरस्कृत गरेको थियो ।

थापा स्पाइनल इन्जुरी नेटवर्कले काठमाडौँमा सञ्चालन गरेको विद्यालयमा स्पाइनल इन्जुरी भएका बालबालिकाले पढ्ने विद्यालयमा शिक्षण गर्छन् । सो विद्यालयमा हाल १५ बालबालिका छन् । अनलाइनमा आधारित अपाङ्गता सहायता सामग्रीको व्यवसायलाई थापाले जीविकोपार्जनको माध्यम बनाएका छन् ।

सरकारले मेरुदण्ड पक्षघात भएकाका लागि उपलब्ध गराउने मासिक रु पाँच हजार औषधि उपचार खर्च थापाले पाउछन् । "धेरै वर्षको प्रयासपछि दुई वर्षदेखि स्पाइनल इन्जुरी भएकाका लागि सरकारले औषधि उपचार खर्चको व्यवस्था मिलाएको छ", उनले भने, "सार्वजनिक संरचना र शौचालय अपाङ्गतमैत्री बनाउन, मेरुदण्ड पक्षघात भएकाको शिक्षामा पहुँच बढाउन पैरवी गरिरहेका छौँ ।"

थापा 'ह्वीलचियर' को सहारा लिने मानिसको आत्मविश्वास बढाउने उद्देश्यले स्थापना भएको 'मेरुदण्डीय पक्षघात समूह नेपाल' को महासचिवको जिम्मेवारीमा पनि छन् । दाताको सहयोग जुटाएर छात्राबासको व्यवस्था मिलाएको उनले बताए ।

# अफगानिस्तानमा मानव अधिकार कुण्ठित

एएनआइ

काबुल । अफगानिस्तानमा तालिबान सरकार स्थापनापछि आधारभूत मानव अधिकार र विशेषगरी महिलाको अधिकारलाई कुण्ठित गरिरहेको मानव अधिकारवादी अन्तर्राष्ट्रिय सङ्घसंगठनहले जनाएका छन् ।

ह्युमन राइट्स वाचले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार तालिबानले अफगानिस्तानमा महिला अधिकारमाथि दमन बढाएको उल्लेख छ ।ह्युमन राइट्स वाचकी कार्यकारी निर्देशक तिराना हसनले सन् २०२३ संसारभर कैयौँ युद्ध अपराध र मानव अधिकार उल्लङ्घनको वर्ष भएको बताउनुभउको छ । उहाँले राज्यहरूलाई मानव अधिकारको रक्षा गर्ने आफ्नो प्रतिबद्धताको सम्मान गर्न आग्रह गर्नुभयो ।

प्रतिवेदनमा महिलालाई विद्यालय जान निषेध गरिएको विश्वको एक मात्र देश अफगानिस्तान रहेको उल्लेख गरिएको छ ।प्रतिवेदनमा तालिबानले सन् २०२३ मा महिला प्रदर्शनकारीलाई दमन गर्ने, स्वेच्छाचारी ढङ्गबाट महिला अधिकारकर्मीलाई हिर ासतमा राख्ने, केही महिलालाई नजरबन्दबाट बेपत्ता बनाउने, उनीहरू र उनीहरूका परिवारलाई यातना दिनेलगायत दमनकारी नीतिहरूको कार्यान्वयनलाई तीव्रता दिएको उल्लेख गरिएको छ ।

महिलाहरूलाई काम गर्न प्रतिबन्ध लगाउँदा धेरै अफगानी महिलाहरूको जीविकोपार्जनमा क्षति पुगेको छ र देशको आर्थिक सङ्कटका लागि आंशिक रूपमा दोषी ठहऱ्याइएको छ । प्रतिवेदनले अफगानिस्तानका लागि मानवीय सहायता कत्तिको महत्वपूर्ण छ भन्ने कुरा पनि उल्लेख गरेको छ । देशको आर्थिक सङ्कटले लगभग दुई तिहाइ मानिसहरूलाई यसको खाँचोमा पारेको छ । यस सङ्गठनले उठाएका मुख्य मुद्दामध्ये नागरिक समाज, अफगान महिलाहरूमाथि जारी उत्पीडन, अफगानी सञ्चारमाध्यमको व्यापक नियन्त्रण र अफगान पत्रकारहरूको गिरफ्तारी हो ।

ह्युमन राइट्स वाचले आफ्नो प्रतिवेदनमा अफगानिस्तानको बढ्दो गरिबीको मुख्य कारण अफगानिस्तानमा तालिबानको कब्जा, अन्तर्राष्ट्रिय प्रतिबन्ध र वर्षौंको खडेरी रहेको उल्लेख गरेको छ ।

सन् २०२१ को अगष्टमा सत्ता कब्जा गरेपछि तालिबानले महिला अधिकारप्रति नरम दृष्टिकोण अपनाउने प्रारम्भिक प्रतिबद्धता जनाए पनि उच्च शिक्षामा लगाइएको प्रतिबन्ध सशस्त्र समूहले देशलाई थप पृथकीकरण गर्न र समाजमा महिलाको भूमिकालाई सीमित गर्न चालेका धेरै कदमहरूमध्ये एक मात्र हो ।

सन् २०२१ को अगष्टपछि तालिबानले छात्राहरूलाई छैटौं कक्षाभन्दा माथिको विद्यालय जान प्रतिबन्ध लगाएको छ र सार्वजनिक स्थलमा जाँदा महिलाहरूले हिजाब लगाउनुपर्ने र पुरुष सहयोगीसँग मात्र यात्रा गर्नुपर्ने कडा नियम लागू गरेको थियो । तालिवान प्रशासनले महिलाहरूले प्रयोग गर्ने ब्यूटी सैलुनहरू बन्द गरेका र उनीहरूलाई घरेलु र अन्तर ाष्ट्रिय गैर-सरकारी सहायता समूहहरूसँग काम गर्नबाट रोकेका छन् ।

# आँधीका कारण दुई हजारभन्दा बढी उडान रद्द



एएनआई

सिकागो । अमेरिकी मध्यपश्चिम र दक्षिण क्षेत्रमा आएको आँधीबेहरीका कारण सयौं यात्रु अमेरिकी विमानस्थलमा अलपत्र परेको सीएनएनले शुक्रबार जनाएको छ । विमानस्थल प्रशासनले दिएको विवरण अनुसार आँधीका कारण अहिलेसम्म दुई हजार भन्दा बढी उडानहरू रद्द भएका छन् भने दुई हजारभन्दा बढी उडान ढिलो भएका छन् । सिकागोको ओहरे अन्तर्राष्ट्रिय विमानस्थलमा ३६ प्रतिशत आगमन र करिब ४० प्रतिशत प्रस्थान रद्द भएका छन् भने शिकागो मिडवे अन्तर्राष्ट्रिय विमानस्थलमा ६० प्रतिशत आवागमन रद्द गरिएको छ ।

त्यस्तै, डेनभर इन्टरनेसनल र मिल्वौकी मिचेल इन्टर नेसनल पनि प्रभावित भएका छन् । सीएनएनका अनुसार ७३७ म्याक्स ९ विमान ग्राउन्डेड भएका कारण रद्द हुनुले पनि यो संख्यामा वृद्धि भएको हुनसक्छ ।

सङ्घी उड्डयन प्रशासन (एफए) ले अनिवार्य गरेको ग्राउन्डिङका कारण यस साता युनाइटेड र अलास्का एयरलाइन्सका २०० भन्दा बढी उडान रद्द भएका छन् । एफएए र बोइङले अझै पनि निरीक्षण प्रोटोकलमा सम्झौता गर्ने प्रयास गरिरहेका छन् जसले ती विमानहरूलाई उडान सुरु गर्न अनुमति दिन्छ । यसबाहेक अमेरिकाका अन्य क्षेत्रमा हुने हवाइ आवागमनमा पनि आँधीको प्रभाव देखिएको छ । अधिकांश उडान रद्द हुनुलाई अत्यधिक जाडो र आँधीको कारण भएको बताइएको छ ।

# युद्ध, रोग र भोकमरीको तेहेरो मारको सामना गर्दै गाजाबासी'



सिन्ह्वा

जेनेभा । गाजा पट्टीका परिवारहरूले द्वन्द्व, सुरक्षित पानीको अभावबाट हुने रोग र खाद्यान्न अभावका कारण भोकमरीको 'तेहेरो खतरा' को सामना गरिरहेको संयुक्त राष्ट्रसङ्घका अधिकारीले शनिबार बताएका छन् ।

गाजामा बन्धक बनाइएका बाँकी इजरायली बालबालिकाका लागि पनि यो दुःस्वप्न जारी रहेको र स्थिति तीव्र गतिमा बिग्रँदै गएको उनीहरूले बताएका छन् ।

प्यालेस्टिनीका लागि संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) की विशेष प्रतिनिधि लुसिया एल्मीले जेरुसेलमबाट भिडियो लिङ्कमार्फत आयोजित पत्रकार सम्मेलनमा आफू गाजामा एक हप्ता बिताएर भर्खरै फर्केको बताउनुभयो ।

गाजाको पछिल्लो स्थितिले आफूलाई निकै दुःखी बनाएको बताउँदै उहाँले भन्नुभयो, "हजारौं बालबालिकाको मृत्यु भइसकेको र तीनवटा अत्यावश्यक समस्या तत्काल सम्बोधन नगरिए अझै हजारौं बालबालिकाले ज्यान गुम्ने जोखिम रहेको छ ।"

बमबारीबाट पीडितका लागि राहतको व्यवस्था गर्न सुरक्षा, सहायता वितरणको लागि रसद, र व्यावसायिक क्षेत्रको पुनः सञ्चालन आवश्यक छ । एल्मीले पत्रकारहरूसँग कुरा गर्दै विगत दुई हप्तामा मात्र गाजामा बालबालिकामा झाडापखालाका घटनाहरु झण्डै दोब्बर भएर ७० हजार पुगेको बताउनुभयो ।

करिब एक लाख ३५ हजार बालबालिका पनि गम्भीर कुपोषणको जोखिममा छन् । उहाँले तत्काल र दीर्घकालीन युद्धविराम नै बालबालिका र परिवारको हत्या र घाइतेको अन्त्य गर्ने एक मात्र उपाय भएको र अति आवश्यक मानवीय सहायता तत्काल उपलब्ध गराउन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

एल्मीले गाजा पट्टीमा प्रवेश गर्ने सबै नाकाहरू पुनः खोल्नुपर्ने, सहायताका लागि अनुमोदन प्रक्रिया छिटो हुनुपर्ने, विद्यालय र अस्पतालजस्ता नागरिक पूर्वाधारको संरक्षण गरिनुपर्ने र गाजा पट्टीको उत्तरमा पहुँच प्रदान गर्नुपर्ने बताउनु भएको छ ।

अपहरणमा परेका बालबालिकासहित विभिन्न देशका नागरिकलाई पनि बिनाशर्त र सकुशल रिहा गरिनुपर्छ ।

हमास र अन्य प्यालेस्टिनी सशस्त्र समूहले इजरायलमाथि आक्रमण गरेको यो आइतबार १०० दिन पुगेको छ । अहिलेसम्म एक हजार २०० इजरायली मारिएका छन् भने करिब २५० जनालाई बन्धक बनाइएकोमा १०० भन्दा बढीलाई रिहाई गरिएको छ । इजरायलले सैन्य कारबाही सुरु गरेयता १४ हप्तामा २३ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन्, जसमध्ये करिब दुई तिहाइ महिला र बालबालिका छन् ।

# कोलम्बियामा पहिरोमा परी १८ जनाको मृत्यु



सिन्ह्वा

बोगोटा । कोलम्बियाको उत्तरपश्चिमी क्षेत्रमा गएको पहिरोमा परी कम्तीमा १८ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन् ।

मेडेलिन र क्विब्दो शहरलाई जोड्ने सडकमा पहिरोले क्षति पुऱ्याएपछि यहाँको यातायात सेवा अवद्ध बनेको चोको क्षेत्रको स्थानीय प्रशासन कार्यालयका एक अधिकारीले एएफपीलाई बताए ।

"कार्मेन डे अट्राटो नगरपालिका नजिकै 'एउटा घरमा आश्रय लिन' धेरै मानिसहरू आफ्नो गाडीबाट झरेका समय दुर्भाग्यवश पहिरो आएर उनीहरू पुरिएका छन्," अधिकारीले भने ।उपराष्ट्रपति फ्रान्सिया मार्केजले करिब ३० जना घाइते भएको बताउनुभएको छ । कारमेन डे अट्राटोका मेयर जैमी हरेराले स्थानीय टिभी स्टेसन काराकोललाई बताएअनुसार पहिरोमा परी मानिसहरु गम्भीर घाइते भएका छन् भने अझै पनि अन्य केही पहिरोमा फसेका छन् ।सामाजिक सञ्जाल र टेलिभिजन च्यानलमा सार्वजनिक भएका तस्बिरमा हिलो र पहिरोका कारण कारहरु ध्वस्त भएको देखिएको छ ।

प्रशान्त महासागरसँग सीमा जोडिएको र विशाल उष्णकटिबन्धीय वन रहेको चोको क्षेत्रमा विगत २४ घण्टामा भारी वर्षा भएको छ ।

कोलम्बिया खडेरीको अवस्थाबाट गुज्रिरहेको बेला जल, मौसम तथा वातावरण अध्ययन इन्स्टिच्युटले यसअघि प्रशान्त र अमेजनको सिमानामा रहेका विभिन्न क्षेत्रमा भारी वर्षाको जोखिमबारे चेतावनी दिएको थियो ।

# विद्युत् प्राधिकरणले ६० अर्ब बराबरको आइपीओ बिक्री गर्दै

टुडे समाचारदाता

काठमाण्डु । सार्वजनिक संस्थानहरुमध्ये पछिल्ला दिनमा आर्थिक रुपमा सबल बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले रु ६० अर्ब बराबरको साधारण शेयर (आइपीओ) बिक्री गर्ने भएको छ।




प्राधिकरणले संस्थाको वित्तीय पुनःसंरचना गरी नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थाको शेयर सर्वसाधारणमा बिक्री गर्ने भएको हो । शेयर बिक्रीका लागि अर्थ मन्त्रालयले सहमति प्रदान गरिसकेको छ । अर्थको सहमतिपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले आवश्यक प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ।

प्राधिकरण सञ्चालक समितिको गत मङ्सिर २५ गते बसेको बैठकले आवश्यक निर्णय गरेको छ । सञ्चालक समितिले अर्थ मन्त्रालयबाट अधिकृत पूँजी रु तीन खर्ब कायम गर्न सहमति भएकाले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरेको छ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को दुई गुणासम्म प्रतिशेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा हाललाई प्रस्तावित अधिकृत पूँजीको १० प्रतिशतसम्म सर्वसाधारणलाई शेयर जारी गर्न ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय भएको छ । सो निर्णय यही पुस १९ गते प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा मन्त्रालयमा पेस गरिसकेका छन् ।

प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पनि सार्वजनिक संस्थालाई थप सबल बनाउने उद्देश्यका साथ शेयर जारी गर्न लागिएको बताउनुभएको छ । सरकारले संस्थालाई आम नागरिकको बनाउने उद्देश्यका साथ यस्तो तयारी गरेको स्पष्ट पारेको छ । यसअघि नै सरकारले नेपाल दूरसञ्चार कम्पनीको समेत शेयर सर्वसाधरणमा बिक्री गरेको थियो।

प्राधिकरणको शेयरको प्रतिकित्ता किताबी मूल्य करिब एक सय २५ कायम गर्ने र त्यसमा त्यति नै रकम प्रिमियम थप गरी शेयर निष्कासनको प्रस्ताव गरिएको छ। यस हिसाबले प्राधिकरणको शेयर किन्न चाहने सर्वसाधारणले प्रतिकित्ता रु दुई सय ५० खर्च गर्नुपर्नेछ।

प्राधिकरणको हाल अधिकृत पूँजी रु एक खर्ब २५ अर्ब बराबर छ। सरकारको लगानीको प्राथमिकता विभिन्न क्षेत्रमा रहने हुँदा ऊर्जा क्षेत्रमा गरेको बजेट विनियोजनले मात्र प्राधिकरणको हालको पूँजीगत लगानीका लागि आवश्यक स्रोत पर्याप्त नभएको ठहर गरिएको छ । त्यसका लागि प्राधिकरणले वैकल्पिक स्रोतमार्फत लगानी जुटाउनुपर्ने अवस्था छ।

वित्तीय व्यवस्थापनका लागि वैकल्पिक स्रोतका रुपमा विभिन्न वित्तीय उपकरण प्रयोग गर्ने तयारी गरेको छ। त्यसमा साधारण शेयर, कर्पोरेट बण्ड, डिवेन्चर, ग्रिन बण्ड आदिमार्फत स्रोत जुटाउनुपर्ने आवश्यकता रहेको प्राधिकरणको बुझाइ छ।

हाल सहमति प्राप्त अधिकृत पूँजीको १० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्न आवश्यक छ । प्राधिकरण ऐन २०४१ को दफा (५) मा सर्वसाधारणलाई शेयर जारी गर्न सकिने व्यवस्था रहेको छ। सोही अनुसार प्राधिकरणको शेयर जारी गर्ने प्रस्ताव गरिएको हो।

सर्वसाधारणलाई शेयर जारी गरी प्राप्त हुने रकम दीर्घकालीन लगानीका रुपमा जलाशययुक्त आयोजना निर्माण, प्रसारण तथा वितरण लाइनको विस्तार तथा सुदृढीकरण कार्यमा उपयोग गरिनेछ । प्राधिकरणसँग रहेको स्थिर सम्पत्तिको आधारलाई उपयोग गरी वित्तीय उपकरणमार्फत स्रोतको व्यवस्थापन गरी ठूला आयोजना निर्माण गर्न सकिने छ।

शेयर जारी गर्दा प्राधिकरणको शेयर संरचनामा परिवर्तन हुनाका साथै सरकारको जोखिम तथा दायित्व कम हुने, सञ्चालक समितिमा शेयरधनीको प्रतिनिधित्व हुने भएकाले उत्तरदायित्व, पारदर्शिता, स्वायत्तता र सुशासनमा थप अभिवृद्धि हुनेछ।

प्राधिकरणको अधिकृत पूँजी रु तीन खर्बको १० प्रतिशत शेयर पहिलो चरणमा सर्वसाधारणलाई जारी गर्न प्रस्ताव गरिएको छ । प्राधिकरणको आव २०७८/७९ सम्मको शेयर पूँजी रु एक खर्ब ७५ अर्ब र सञ्चित नाफासहितको जगेडा कोष रु २७ अर्ब गरी जम्मा रु दुई खर्ब दुई अर्ब नेटवर्थ (शेयर निष्कासन प्रयोजनका लागि) रहेको छ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को दफा २५ (क) बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को अधिकतम दुई गुणासम्म प्रतिशेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा शेयर निष्कासन गर्न सकिने व्यवस्था छ।

अधिकृत पूँजी रु तीन खर्ब पुऱ्याउने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकाले उक्त पूँजीको १० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले सञ्चालक समितिसमक्ष प्रस्ताव गरेका थिए। प्राधिकरणले यस वर्ष पनि 'डबल ए प्लस क्रेडिट रेटिङ' पाएको छ । इक्रा नेपालले प्राधिकरणको क्रेडिट रेटिङ गरी 'इक्रा एनपी डबल ए प्लस' स्तरको रेटिङ प्रदान गरेको छ । अघिल्लो वर्ष पनि प्राधिकरणले सोही रेटिङ पाएको थियो।

डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै बहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ। डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ।

इक्राले प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरुको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्वहरुलगायतको विश्लेषण गरेको थियो। सोही विश्लेषणका आधारमा प्राधिकरणको क्रेडिट रेटिङ गरिएको हो।

क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा सङ्गठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्याङ्कन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ। यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने साङ्केतिक सूचकका रुपमा राय दिइन्छ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो। प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ।

सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रम कार्यान्वयन गर्न वार्षिक रुपमा बजेट विनियोजन, शेयरमा लगानी (नगद वा ब्याज-साँवा पूँजीकरण) र अन्य आवश्यक रकम/सञ्चालनमार्फत प्राधिकरणलाई सहयोग गरिरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङका अनुसार सार्वजनिक निकायमध्ये प्राधिकरणले डबल ए प्लस क्रेडिट रेटिङ पाएकाले संस्थामा वित्तीय दायित्व बहन गर्न सक्ने उच्चतहको सुरक्षित क्षमता देखिएको छ। "क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ । ऋण तिर्न सक्ने क्षमता देखिएको छ", उनले भने।

कार्यकारी निर्देशक घिसिङका अनुसार आन्तरिक माग धान्न हिउँदका केही महिनामा हुने विद्युत् आयात प्रतिस्थापन छिट्टै हुँदै छ । हरेक वर्ष हुने विद्युत् निर्यात वृद्धि, आन्तरिक रुपमा हुने विद्युत् खपत वृद्धि तथा प्रणालीको चुहावट नियन्त्रणमा हासिल भइरहेका सफलताले संस्थाको नाफा बढ्दै गएको देखाएको उनको भनाइ छ।

विद्युत् उत्पादनतर्फका आयोजनाहरु निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि ठूलो पूँजी आवश्यक पर्ने छ, यसका लागि संस्थाले कमाएको नाफा र शेयर निष्कासनबाट प्राप्त हुने रकमबाट लगानीको खाडल पूरा गर्ने योजना तय गरेको छ।

प्राधिकरणले स्वदेशी तथा विदेशी लगानीकर्ताहरुले निर्माण गर्ने जलविद्युत् आयोजनाहरुसँग दीर्घकालीन विद्युत् खरिद सम्झौता (पिपीए) गरिहेको छ। क्रेडिट रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको दखिन्छ।

इक्रा नेपालले प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत् प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत् खरिद-बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था भएको, सहायक कम्पनीसहित करिब एक हजार एक सय मेगावाटको विद्युत् उत्पादन क्षमता भएको, सरकारले हरेक वर्ष बजेटमार्फत ऋण र शेयरमा लगानी गर्ने गरेको उल्लेख गरेको छ।

प्रसारण तथा वितरण प्रणाली सुधार तथा विस्तारका लागि गरिएको पूँजी प्रतिबद्धताले प्राधिकरणलाई अल्पकालीन रुपमा संस्थाको नगद प्रवाहमा चाप पार्न सक्ने इक्रा नेपालले उल्लेख गरेको थियो । प्राधिकरणले गत आर्थिक वर्ष २०७९/८० मा रु १२ अर्ब ३३ करोडको खुद नाफाको प्रक्षेपण गरेको छ । प्रणालीको विद्युत् चुहावट हाल १३ प्रतिशत बराबर छ।

# निशुल्क वितरण गर्न औषधि उत्पादन गर्दै औषधि लिमिटेड




टुडे समाचारदाता

काठमाण्डु । नेपाल औषधि लिमिटेडले जनतालाई निःशुल्क वितरण गर्न आवश्यक पर्ने थप २० किसिमका औषधि उत्पादन गर्ने योजना अघि सारेको छ।

हाल उत्पादन भइरहेका औषधिका अतिरिक्त निःशुल्क वितरणका लागि आवश्यक औषधि कम्पनी आफैँले उत्पादन गर्ने तयारी गरेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनपछि सरकारबाट उपलब्ध हुँदै आएका ९८ मध्ये २० किसिमका औषधि लिमिटेडले उत्पादन गर्ने योजना बनाएको छ । स्वदेशमै उत्पादन गरेर लिमिटेडले सरकारलाई औषधि बिक्री गर्ने तयारी गरिरहेको औषधि लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुले जानकारी दिए।

प्रधानमन्त्रीको निर्देशनसँगै आफूले व्यापारिक योजना तयार गरेर आवश्यक स्रोत जुटाउन लागिपरेको पनेरुको भनाइ छ । उनका अनुसार लिमिटेडको संस्थागत क्षमता अभिवृद्धि गरी दिगोरुपमा सञ्चालन सुनिश्चितताका लागि व्यावसायिक योजनासहित उद्योग मन्त्रालय र लिमिटेडबीच सम्झौतासमेत भएको छ।

विगतमा लिमिटेडले एक सय ४६ किसिमका औषधि उत्पादन गर्दै आएको थियो । केही समय सिटामोलमात्र उत्पादन गर्दै आएको लिमिटेडले हाल नौ किसिमका औषधि उत्पादन गर्दै आएको छ । सरकारले निःशुल्क वितरण गर्दै आएको औषधि उत्पादनमा जोड दिँदै आएको लिमिटेडले पछिल्लो समय लगानीसँगै उत्पादनमा विविधीकरण गर्ने योजना बनाएको हो।

प्रतिस्पर्धी बजारमा तालमेल गर्न नसक्नु र प्रविधिमैत्री बन्न नसक्दा यस्ता सरकारी स्वामित्वका कम्पनीको प्रवर्द्धन हुन सकेका छैनन् । प्रधानमन्त्री दाहालको निर्देशन र लिमिटेडले तयार पारेको कार्ययोजनासहित प्रतिस्पर्धामा उत्रिनका लागि सहयोग पुग्ने महाप्रबन्धक पनेरुले विश्वास व्यक्त गरे । उनले भने, "हाल केही औषधिमा प्रतिस्पर्धा गर्न सकिन्छ। आगामी दिनमा कम्पनीको क्षमता विस्तार हुँदै गएपछि बजारमा उपलब्ध अन्य औषधिसँग प्रतिस्पर्धा गर्न मद्धत पुग्नेछ।"

गुणस्तरीय औषधि उपलब्ध गराउन लिमिटेड तयार रहेको उल्लेख गर्दै महाप्रबन्धक पनेरुले देशका सबै स्थानीय तहसँग सहकार्य गरेर औषधिको बिक्री वितरण गर्ने बताए।

उनका अनुसार कम्पनीले विगतको तुलनामा उत्पादन र बिक्री बढाएको छ । पछिल्लो एक महिनामै रु एक करोड ५० लाखसम्मको औषधि बिक्री गर्न सफल भएको छ।

लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपानले सरकारले जनतालाई उपलब्ध गराउने ९८ किसिमका औषधि उत्पादन गरेर बिक्री गर्ने मुख्य उद्देश्य रहेको र सोहीअनुसार योजना अगाडि बढेको जानकारी दिए । उनका अनुसार प्रतिस्पर्धी क्षमता विस्तार गर्न हाल औषधि लिमिटेडले ओगटेको क्षेत्रलाई स्वआर्जनमूलक परिसरमा रूपान्तरण गर्ने, व्यावसायिक रूपमा 'मेडिकल हब' सञ्चालन गर्ने र उद्योगलाई प्रतिस्पर्धी बनाउन उत्पादन क्षमता विस्तार गर्ने योजना बनाएको छ।

बर्सेनि अर्बौंको औषधिजन्य पदार्थको आयातलाई निरूत्साहित तुल्याउन पनि औषधि लिमिटेडको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिएको महाप्रबन्धक पनेरुले बताए । उनले सरकारले तत्कालका लागि लगानी गरेको अवस्थामा उत्पादन गरेर सरकारको रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गरे।

व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका अनुसार चालु आर्थिक वर्षको पाँच महिनामा रु १६ अर्ब ८० करोड बराबरको औषधिजन्य पदार्थ आयात भएको छ। गत आर्थिक वर्षमा २०७९/८० मा रु ४४ अर्ब ६४ कारोड बराबरको औषधिजन्य पदार्थ नेपाल भित्रिएको थियो। सबैभन्दा बढी औषधिजन्य पदार्थ भारतबाट आउने गरेको छ। गतवर्ष नेपालबाट एक अर्ब ६० कारोडका औषधिजन्य वस्तु निर्यात भएको थियो।

# घट्दै धान बालीको क्षेत्रफल

टुडे समाचारदाता

गण्डकी । गत वर्ष गण्डकी प्रदेशमा एक लाख चार हजार एक सय ८४ हेक्टरमा धान खेती गरिएको थियो । यस वर्ष घटेर धान बालीको क्षेत्रफल ९६ हजार ५३ हेक्टरमा सीमित भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ।



निर्देशनालयका कृषि प्रसार अधिकृत विनोद शर्माका अनुसार दुई वर्षअघि धान खेतीको क्षेत्रफल एक लाख १२ हजार दुई सय २७ हेक्टर थियो। पछिल्ला वर्ष धान बालीको क्षेत्रफल घट्दै गएको उनले बताए।

धान खेतीको क्षेत्रफल घटेपनि यस वर्ष उत्पादकत्व भने बढेको उनले बताए।

"गत वर्ष एक लाख चार हजार एक सय ८४ हेक्टरमा तीन लाख ७५ हजार तीन सय ३२ मेट्रिक टन धान उत्पादन भएको थियो", कृषि प्रसार अधिकृत शर्माले भने, "यस वर्ष ९६ हजार ५३ हेक्टरमा धान खेती गरिएकामा तीन लाख ६८ हजार सात सय ८९ मेट्रिक टन उत्पादन भएको हो।"

गत वर्ष प्रतिहेक्टर तीन दशमलव छ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको उनको भनाइ छ।

समयमै वर्षात् र रासयनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्न बीउबिजन आदि कारणले धानको उत्पादकत्व वृद्धि भएको कृषि प्रसार अधिकृत शर्माले बताए।

गण्डकीमा बर्सेनि धानको उत्पादकत्वमा घटबढ भइरहेको निर्देशनालयको तथ्याङ्कले देखाउँछ।

आव २०७८/७९ मा प्रतिहेक्टर तीन दशमलव ४३ मेट्रिक टन धान उत्पादन भएको थियो भने त्यसको अघिल्लो वर्ष तीन दशमलव पाँच मेट्रिक धन धान उत्पादन भएको थियो । प्रतिकुल मौसम, मल अभाव, कमसल बीउबिजनजस्ता कारणले धानको उत्पादकत्वमा ह्रास आउने गरेको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताए।

प्रमुख रेग्मीले यस वर्ष धानको उत्पादकत्व वृद्धि भए पनि क्षेत्रफल घटेकाले समग्र धानको उत्पादन भने घटेको बताए।

धान खेतीको क्षेत्रफल घट्नुमा घरघडेरीका नाममा धानको उब्जाउ क्षेत्र नासिनु पहिलो कारण रहेको उनले बताए।

"खेतीयोग्य जग्गामा बजारीकरण तीव्र छ, हेर्दाहेर्दै ठूल्ठूला फाँट बस्तीले ढाकिए, जग्गा बाँझिने क्रम पनि उस्तै छ, उत्पादन घट्नुको मुख्य कारण यही हो", प्रमुख रेग्मीले भने।

सिँचाइ, खेती प्रणालीमा सुधार, रोक किरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके किसानले अझ धेरै धान फलाउन सक्ने उनको भनाइ छ।

गण्डकीमा बागलुङको गलकोट, बलेवा, गोरखाको पालुङटार, कास्कीको लेखनाथ, स्याङ्जाको आँधीखोला किनार, वालिङ, तनहुँको भिमाद, नवलपपुरको त्रिवेणी, मध्यविन्दु, पर्वतको फलेवासलगायत बढी धान उत्पादन हुने क्षेत्र हुन्।

हिमालपारिको जिल्ला मुस्ताङ र म्याग्दीबाहेक गण्डकीका नौ वटै जिल्लामा धान खेती हुँदै आएको छ।

किसानले राम, सुनौलोसुगन्धा, लोकतन्त्र, खुमल, सुधारिएको जेठोबुढोलगायत स्थानीय जातको धान खेती गर्दै आएका छन्।

यहाँ बर्खे र चैते गरी दुई याममा धान खेती हुने गरेको छ।


## Invitation for Electronic Bids

## Ganeshman Charnath Municipality
## Office of the Municipal Executive
## Birendrabazaar ,Dhanusha

**Bid Publication date: 2080-09-29**

1. The Office of the Municipal Executive, Ganeshman Charnath Municipality, Dhanusha invites electronic bids from eligible bidders for the Construction works under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the office of the Ganeshman Charnath Municipality on or before 12:00 noon on 2080-11-01. Bids received after this deadline will be rejected.
3. Information to deposit the cost of bidding document :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 071008632790007l,
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2080-11-01 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900091 (Dharauti khata)

| S. N. | Contract Identificaiton No. | Description of Goods | Estimated Cost (without VAT,PS &Contigencies) Nrs. | Bid Security Nrs. | Bid Price Nrs. |
|---|---|---|---|---|---|
| 1 | GCM/NCB/ Works/03/2080-81 | ChisapaniraChhotakidamarma khanepani byabasthapan, GCM-05 | 73,88,264.47 | 2,10,000.00 | 3000.00 |

**Chief Administrative Officer**

# घुरको भरमा दलित बस्ती

## मधेश प्रदेशमा पठन पाठन बन्द

पछिल्लो साता बढेको चिसोकै कारण महोत्तरी लगायत मधेश प्रदेशका अधिकांश विद्यालयमा जाडो बिदा दिइएको छ। माघेसंक्रान्ति पर्व नजिकिए पनि हाटबजारमा चहलपहल देखिएको छैन्।

**टुडे समाचारदाता**

जलेश्वर । पुस अन्त्यतिर मधेशमा चिसो बढ्दो छ। बाक्लो हुस्सुले डम्म ढाकेर चिसो स्याँठ चलिरहँदा सर्वसाधारण काममा निस्कन सकेका छैनन् । पछिल्लो साता बढेको चिसोकै कारण महोत्तरी लगायत मधेश प्रदेशका अधिकांश विद्यालयमा जाडो बिदा दिइएको छ। माघेसंक्रान्ति पर्व नजिकिए पनि हाटबजारमा चहलपहल देखिएको छैन्।

चिसोले सबै क्षेत्रलाई प्रभाव पारे पनि यहाँका गरिब तथा दलित बस्तीको अवस्था नाजुक छ । परालको झुप्राका गुजुमुज्ज बस्तीमा ससाना नानीको जाडो छल्ने सहारा सडकमा मिल्किएका चिथ्रा थाङ्ना, प्लास्टिक र कसिङ्गर सोहोरिएर बालिने घुर बनेको छ। न ओढ्ने, ओछ्याउने न शरीर ढाक्ने लुगा ! शीतले भिजेका कसिङ्गर सल्काउँदा निस्कने धुँवाको मुस्लोभित्रको घुर वरिपरि बसेर मनमनै तातोको अनुभूति गर्नपर्ने जिन्दगी यहाँका मुसहर, बाँतर, मेस्तर, डोम, चमार र दुसाध बस्तीमा देखिँदो छ।

"यो मुटु कमाउने जाडोमा न बनिबुतो गर्न निस्कन सकिन्छ न घरमा पानीबाहेक तताएर खाने सरदाम केही छ", भङ्गाहा-३ सकरी बस्तीको मुसहरीटोलकी रामराजी सादाले भने-'बच्चाबच्ची स्याहार्न मुस्किल छ।' सोबस्तीकी अगुवा रामराजी बढ्दोचिसोका कारण दैनिक ज्यालादारी श्रम गरेर गुजारा गर्नुपर्ने आफूहरुका लागि जाडो मौसम सधैं कष्टदायक रहँदै आएको बताए।

महोत्तरीको मध्य र दक्षिणी भेगमा लाग्दो पुसदेखि नै बिहान हुस्सुले ढाक्दै आएको छ। उत्तरीक्षेत्रमा कहिलेकाहीँ झल्याकझुलुक देखिने घाम पनि पारिलो हुँदैन। झल्याकझुलुक देखिने घाम मधुरो हुने र चिसो सिरेटो लगातार चलेपछि जाडोको कहर निकै बढेको छ । महोत्तरीको उत्तरी भेगको पूर्वपश्चिम राजमार्ग वरपर मंसिरसम्म बिहानै घाम देखिए पनि पुस लागेयता भने यो भेगमा पनि धेरैजसो यसपालि बिहानैदेखि डम्म हुस्सुले ढाक्दै आएको छ । बाक्लो हुस्सुसँगैको चिसो सिरेटो चल्ने क्रमले हात गोडा कठ्याङ्गिएर कुनै काममा निस्कन नसकिएको यहाँका सर्वसाधारण बताउँछन्।

मध्य र दक्षिणी भेगमा त घाम नदेखिएको कैयौ दिन हुन्छन् । अहिले चल्ने चिसो हावाले लगलगी मुटु कमाउने जाडो बढाएको जलेश्वर नगरपालिका-२ का सामाजिक कार्यकर्ता जिरेखन पासवान बताउछन्।

निरन्तरको चिसोले व्यापार व्यवसायमात्र नभएर कृषि कार्य पनि प्रभावित भएका छन् । अहिले नै यस्तो विजोग भएपछि अब माघसम्म कस्तो होला ? भन्ने सोचेर नै यहाँका बुढापाका जाडो कसरी काट्ने भन्ने चिन्तामा छन् । "खै उमेरले भर्खर ६० नाँघियो , यसरी लगलगी कमाउने जाडो त यसअघि त्यति भोगेको सम्झनै छैन", महोत्तरीको भङ्गाहा नगरपालिका-४ रामनगरका ६१ वर्षीय किसान सत्यनारायण यादवले भने-"खै परारको (कोभिड-१९) कहरले चाँडै जाडो बढाएको त हैन ?"



बढ्दो जाडोले यसभेगका गरिब र दलित बस्ती बढी जोखिममा परेका छन् । दैनिक ज्यालादारी गरेर गुजारा गर्नपर्ने श्रमिक काममा जान नपाएपछि भोकभोकै बस्नपर्ने अवस्था बनेको छ । "जाडो त सबैलाई हो तानि..! हुनेखाने जाडोबाट बच्ने बन्दोबस्त घरमै जुटाउलान् , हामी मजदुरी गरेर गुजारा गर्नेको चैं के हविगत हुने हो अब" जिल्लाको बलवा नगरपालिका-१० को मुसहरीटोलका पलट माझी मुसहरले चिन्ता व्यक्त गरे।

चिसो बढ्दै जाँदा वृद्धवृद्धा, सुत्केरी र ससाना नानीहरुको स्याहार, सम्भार कठिन भएको छ । घरमा पोषणयुक्त ताजा खाना, न्यानो लुगा र घर वरिपरि सरसफाइमा कमी हुँदा बस्तीहरुमा बढ्दो जाडोले बढी प्रभावित भएका देखिन्छन्। जिल्लाका सबैजसो स्वास्थ्य संस्थाहरु रुघाखोकी, श्वासप्रश्वास र हाडजोर्नी दुख्ने व्यथाका बिरामीले भरिभराउ देखिँदा छन्। "बढ्दो चिसोले ग्रामीण बस्तीमा बिरामी हुनेक्रम निकै बढेको छ, अस्पताल आएका बिरामीलाई सेवा दिन हामीलाई भ्याइनभ्याइ परेजस्तै छ", बर्दिबास अस्पतालका मेडिकल अधिकृत डा चन्द्रमणि खत्री भन्छन्।

यसैबीच महोत्तरीका स्वास्थ्य संस्थाहरुले धमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहार सम्भारमा ध्यान दिन आग्रह गरेका छन्। घरमा आफ्नै ओरपर पाइने सागपात र गेडागुडीको झोल खान , अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन , न्यानो ठाउँमा बस्न र घर ओरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएको छ। यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो झ्यास सल्काएर 'घूर' नबाल्न आग्रह गरिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुँवाले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने कार्यालय प्रमुख सुनिता गुप्ताले बताए।

चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा तत्काल आगो बाल्न काठ, खानपिनका सामग्री र न्याना लुगा जुटाउने पहलकदमीका लागि स्थानीयतहसँग सामाजिक सङ्घ संस्थाले आग्रह गरेका छन्। "क्षति हुन थालेपछि मात्र राहतका पोका बोक्ने बानी छ हाम्रो, अब स्थानीयतहको नेतृत्व चनाखो हुनपर्छ", प्रयास महोत्तरी (सामाजिक संस्था) का अध्यक्ष प्रवीण कर्णले भने-"अहिलेको तदारुकताले क्षति रोक्न सकिन्छ ।" गरिब बस्तीका बासिन्दाले जाडोबाट बचाउने उपायका लागि आआफ्ना बस्तीका स्थानीयतहका प्रतिनिधि गुहार्न थालेका छन्।

यसैबीच जिल्लाका औरही र मनराशिशवा नगरपालिकाले गरिब बस्तीहरु र बाक्लो ओहोरदोहर हुने चोकमा आगो बाल्ने चाँजो मिलाएका छन् । जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीले जिल्लाका १५वटै स्थानीयतह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ। "हामीले जिल्लाका १५ वटै स्थानीयतहलाई तत्काल आवश्यक सहयोग, समन्वयका लागि अनुरोध गरेका छौं", जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णले भने- "समयमै तदारुकता अपनाइयो भने क्षति रोक्न सकिन्छ ।" पछिल्ला तीन/चार दिनयता ठाउँठाउँमा आगो बाल्ने र गरिब बस्तीमा ओढ्नेको प्रबन्ध भएको कर्णले बताए । गौशाला नगरपालिका-९ मा गरीब परिवार पहिचान गरी ज्येष्ठ नागरिकलाई सिरक वितरण गरिएको छ।

> चिसोले सबै क्षेत्रलाई प्रभाव पारे पनि यहाँका गरिब तथा दलित बस्तीको अवस्था नाजुक छ । परालको झुप्राका गुजुमुज्ज बस्तीमा जाडो छल्ने सहारा सडकमा मिल्किएका प्लाष्टिक र कसिङ्गर सोहोरिएर बालिने घुर बनेको छ ।

## घुरमा जलेर महिलाको मृत्यु

**टुडे समाचारदाता**

सप्तरी । तिरहुत गाउँपालिका-५ मुसहरि टोल बस्ने ३५ वर्षीया सोनिला देवी सदाको आगोले जलेर शनिबार बिहान मृत्यु भएको छ।

आफ्नै घर अगाडि बालेको घुर ताप्ने क्रममा लगाएको कपडामा आगो सल्किएर गम्भीर घाइते भएकी उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारको उपचारको क्रममा मृत्यु भएको छ।

# निर्माण व्यवसायीमा रहेको त्रुटि सच्याउन मन्त्री यादवको आग्रह



निर्माण व्यवसायी संघ धनुषाको १६ औं सधारणसभामा मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णकुमार यादवलाई सम्मान गर्दै संघका धनुषा जिल्ला अध्यक्ष अशोककुमार चौधरी। तस्विर : टुडे

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णकुमार यादवले निर्माण व्यवसायीहरुले विकास निर्माणका सवालमा रहेका विभिन्न त्रुटिहरु सच्याउनुपर्ने धारणा राखेका छन्।

जनकपुरधाममा शनिबार आयोजित धनुषा निर्माण व्यवसायी संघको १६ औं साधारणसभामा उनले निर्माण व्यवसायीहरुमा रहेका त्रुटिहरु नसच्याइ एकहोरोरुपमा सरकारलाई मात्र दोष दिएर पञ्छिन नमिल्ने बताए।

उनले निर्माण व्यवसायीहरुले समयमै विकास निर्माणका काम सम्पन्न नगरी सरकारको रकमसमेत फ्रिज गराउने र सरकारलाई आलोचना गरेर दिन खर्चिनु भन्दा प्रदेश र देश विकासप्रति आफ्नो दायित्व र जिम्मेवारीबोध गर्नका लागि आग्रहसमेत गरे।

निर्माण व्यवसायीहरुले विगतमा भएको विभिन्न विकास निर्माणका कामहरु अझै पनि अलपत्र रहेकाले तत्काल फागुन भित्रमा काम सम्पन्न गरेमा प्रोत्साहनस्वरुप रकम भुक्तानी हुने र नयाँ योजनासमेत समयमै निर्माण व्यवसायीहरुले पाउने उनले बताए।

'फागुनसम्ममा विकास निर्माणको काम सम्पन्न भएमा चैतमा नयाँ योजनाहरु ल्याउने तयारी अवस्थामा रहेकोले सक्रियतापूर्वक सरकारलाई सहयोग गर्न आग्रह गर्दछु', उनले भने।

उनले प्रदेश निर्वाचन क्षेत्रको ६४ वटै स्थानमा विकास निर्माणका कार्यक्रमहरु तत्काल सम्पन्न गरेर नयाँ योजनाका लागि टेण्डर आह्वान हुने भएकाले यसप्रति गम्भीररुपमा लागेर काम गर्न निर्माण व्यवसायीहरुलाई आग्रह गरे।

विगतमा स्थानीय सरकारले गर्ने विकास निर्माणका कामहरुमा समेत प्रदेश सरकारले लगानी गरेर ५० लाख रुपैयाँभन्दा कम बजेटमा उपभोक्ता समिति गठन गरेर कार्यकर्ता पोस्ने काम भएकाले यसलाई अब निरुत्साहित गरिने उनले बताए। उनले उपभोक्ता समिति मार्फत हुने गरेको कामकाजलाई विस्तारै निरुत्साहित पार्दै लैजाने योजना रहेको बताए।

त्यस्तै नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले विकास निर्माण कामको बजेटमा कार्यालय प्रमुखले पिसी खोज्दा निर्माण व्यवसायीहरुलाई इमान्दारीपूर्वक काम गर्न निकै सास्ती भोग्नु पर्ने बाध्यता कहिलेसम्म रहने प्रतिप्रश्न गरे।

संसदीय दलका उपनेता ठाकुरले भने, 'निर्माण व्यवसायी महासंघले समेत निर्माण व्यवसायीहरुको समस्या समाधानका लागि पहल नगर्दा व्यवसायीहरुले विकास निर्माणको काम हेर्ने कार्यालयलाई दस प्रतिशत कमिसन, स्थानीयस्तरमा हुने गरेको काममा जुनसुकै बेला बाधाअवरोध खडा हुने चुनौती व्यवस्थापनका लागि पनि पैसा वितरण गर्नुपर्ने, खुवाउने पियाउनुपर्ने व्यवस्था, नेताहरुलाई चन्दा दिनुपर्ने व्यवस्थालगायतका चुनौती र समस्याले गर्दा निर्माण व्यवसायीहरुले सबै समस्या समाधान गर्दा गर्दै काम सम्पन्न हुँदासम्म ऋण लाग्ने गरेपछि उसले गरेको कामको समेत आलोचना हुन्छ, अनि यस्तोमा कसरी विकास निर्माणको मजबुत काम हुन्छ, त्यसैले कार्यालय लगायतले लिदैं आएको कमिसनको व्यवस्था तत्काल बन्द हुनुपर्छ।'

उनले नेपाल निर्माण व्यवसायी महासंघले समेत आफ्ना सदस्यहरुको समस्या गुनासो सुन्ने र समाधान गर्ने तर्फ गम्भीर नहुँदा संगठनमा रहनुको अर्थ र यसको औचित्यमाथिसमेत प्रश्न चिन्ह खडा भएको बताए।

त्यस्तै नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष आंगदुर्जे लामाले सरकारले निर्माण व्यवसायीहरु प्रति देखाएको व्यवहारप्रति सचेत हुनुपर्ने बताए। उनले सरकारले एकातर्फ काम गर्न दबाव दिने, अर्को तर्फ तरलताका कारण जुनसुकै बेला हुने गरेको मूल्यवृद्धिले सास्ती हुने गरे पनि यसतर्फ ध्यान नदिइ सिधैं निर्माण व्यवसायलाई कालोसूचीमा राखेर व्यवसायीहरुको करोडौं रुपैयाँ बर्बाद हुने अवस्थामा पुर्‍याएको दुःखेसो पोखे।

उनले कमिसन र लगानी बचाउनका लागि आन्दोलन गर्ने चेतावनी दिए। उनले विकास निर्माणमा लगाइएको लगानी नै डुब्ने गरी सरकारले काम गरिरहेको भन्दै मुलुकमा विकास निर्माणको काम गर्ने वातावरण नरहेको बताउँदै उनले निर्माण व्यवसायीको रकमसमेत डुब्ने अवस्थामा रहेकाले आन्दोलनका लागि तयार रहन निर्माण व्यवसायीहरुलाई निर्देशन दिए।

धनुषा निर्माण व्यवसायी संघका अध्यक्ष अशोककुमार चौधरीको अध्यक्षतामा भएको १६ औं साधारणसभामा नेपाल निर्माण व्यवसायी संघ महासचिव रोशन दाहाल, संघीय आयोजना कार्यान्वयन इकाई धनुषाका कार्यालय प्रमुख प्रदीप खनाल, महासंघका मधेश प्रदेश अध्यक्ष सुरेन्द्रकुमार चौधरी, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साह, जिल्ला समन्वय समिति धनुषाका पूर्व उपसभापति दीपक झा, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, संघका पूर्व अध्यक्ष कामेश्वर झालगायतले शुभकामना दिएका थिए।

यसअघि निर्माण व्यवसायी संघ धनुषाको कार्यालय उद्घाटन गरिएको छ। पूर्व निर्माण व्यवसायी बलराम महतोले सो भवनको शनिवार विहान विधिवत उद्घाटन गरेका थिए।

# मधेश प्रदेशको विजयी सुरूवात

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता शनिवारदेखि सुरु भएको छ । मुलपानी, कीर्तिपुर र भैरहवा गरी तीन वटा मैदानमा प्रतियोगिताका खेल भएक छन्।

मुलपानी मैदानमा भएको खेलमा मधेश प्रदेशले कोशी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ।




टस हारेर पहिले ब्याटिङ गरेको कोशी ४१ ओभरमा १२७ रनमै अलआउट भयो। कोशीका लागि कप्तान अंकित सुवेदीले ४० रन र फिर्दोस अन्सारीले ४१ रन जोड्दा अरु ब्याट्सम्यानले दोहोरो अंकमा रन जोड्न सकेनन् । बलिङमा मधेशका प्रदीप पासवानले ३ विकेट लिए भने राजेश यादव, रञ्जित कुमार र पवन सर्राफले २-२ समान विकेट लिए । १२८ रनको लक्ष्य मधेशले २०.१ ओभरमा ३ विकेट गुमाएर लक्ष्य पाउन सफल भएका थिए । मधेशका लागि अनिल साहले ८८ रनको योगदान गरे । उनले ५४ बलमा १४ चौका र ३ छक्का प्रहार गरे।

# डा. चौरसिया राष्ट्रिय हेल्थ अवार्डबाट सम्मानित

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जकी वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ डाक्टर निलम चौरसिया राष्ट्रिय हेल्थ अवार्डबाट सम्मानित भएकी छन्।

वीरगञ्ज स्थित सीता अस्पतालकी सञ्चालिका समेत रहेकी डाक्टर चौरसियालाई राष्ट्रिय हेल्थ अवार्ड २०८० बाट सम्मानित गरिएको छ। चितवनको भरतपुरमा शनिबार स्वास्थ्य दर्पणद्वारा आयोजित कार्यक्रममा उनलाई सम्मानित गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका पूर्वमहामन्त्री तथा प्रतिनिधि सभा सदस्य शंशाक कोइरालाले डाक्टर चौसियालाई उक्त अवार्ड प्रदान गर्दै सम्मानित गरेका थिए।




स्वास्थ्य र चिकित्सा क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएको भन्दै डाक्टर चौरसियालाई स्वास्थ्य दर्पणले राष्ट्रिय हेल्थ अवार्डबाट पुरस्कृत गरेको डाक्टर चौरसियाका श्रीमान् डाक्टर दिलीप चौरसियाले जानकारी दिए।

# जसपा केन्द्रीय समितिको बैठक सम्पन्न

> बैठकले माघ ३ गतेलाई मधेश दिवसका रुपमा मनाउने निर्णय गरेको

**टुडे समाचारदाता**

काठमाण्डु। जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ। बैठकले पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवम् संगठन विभाग प्रमुख राजेन्द्रप्रसाद श्रेष्ठले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि आएका उपयुक्त सुझाव समेटने गरी राजनीति प्रतिवेदन पारित गरेको छ।

बैठकले पार्टीको तर्फबाट मधेश प्रदेशको महिला सिटमा राष्ट्रिय सभा सदस्य उम्मेदवार पूजा चौधरीलाई अत्यधिक मतले विजयी गराउन मधेश प्रदेश समितिले विशेष कार्ययोजना बनाई काम गर्नुपर्ने निर्णय गरेको छ।

त्यसैगरी बैठकले माघ ३ गतेलाई मधेश दिवसका रुपमा मनाउने निर्णय गरेको छ। पार्टीले मनाउँदै आएको माघ ५ गते बलिदानी दिवसलाई भव्यरुपमा मनाउने निर्णय समेत गरेको छ।

पार्टीको जेठ २८ गतेदेखि ३० गतेसम्म आयोजना हुने महाधिवेशनका लागि कार्यतालिका पारित भएको छ। त्यस्तै बैठकबाट युवा स्वयम्सेवक संगठन बनाउने निर्णय समेत भएको जनाइएको छ।

# 'बीमाको रकम पाउन सात महिनादेखि धाउँदै'

**टुडे समाचारदाता**

राजविराज। बचतकर्ता संख्या बढाउन विभिन्न लोभ लाग्दो योजना ल्याएको एक बैंकले ७ महिना भन्दा बढी भइसक्दा पनि प्रतिबद्धता अनुसारको रकम भुक्तानी नगरेको सेवाग्राहीले गुनासो गरेका छन्।

राजविराज ७ का शारीरिक रुपले असक्त ४७ वर्षीय उमाकान्त साहले यहाँस्थित एनआइसी एशिया बैंकले बचत योजनाको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत आफूले पाउनुपर्ने रकम दिन बैंकले विभिन्न बहाना देखाइ आलटाल गरिरहेको गुनासो गरेका छन्।

स्वास्थ्यमा समस्या भएका बेला उपचार गराउन मद्दत पुग्ने आसमा १० महिना अघि सो बैंकको राजविराज शाखामा १ लाख रुपैयाँ जम्मा गरी उनले स्वास्थ्य बीमा लाभ पाउने गरी डायमण्ड बचत खाता खोलेका थिए । उक्त बचत योजना अन्तर्गत खाताधारीलाई बिरामी पर्दा अस्पताल भर्ना खर्च दाबी गर्न सकिने सुविधा रहेको जनाइएको थियो।

साह ७ महिनाअघि गम्भीर बिरामी परे। उनको विर्तामोडस्थित बिराट हस्पिटल एण्ड रिसर्च सेन्टरमा आन्द्रा तथा मलद्वारको शल्यक्रिया गरिएको थियो । उनी अहिले पनि महिनैपिच्छे परीक्षणका लागि त्यहाँ जाने गरेका छन्।




साहले उपचारको क्रममा भएको खर्च ५८ हजार ५ सय ५५ रुपैयाँको बिलसहित आवश्यक सम्पूर्ण कागजात बैंकलाई बुझाएको ७ महिना बितिसकेको छ। तर, हालसम्म एक सुको पनि नपाएको उनको गुनासो छ।

"सात महिनादेखि उपचार खर्च वापतको भुक्तानीका लागि बैंक कुदेको कुँदै छु, साहले भने, "तर, प्रवन्धक ईश्वर यादवले प्रक्रियामै छ भन्दै फर्काइदिने गरेका छन्।"

शारीरिक रुपमा असक्त भएकाहरुको अधिकार बारे पैरवी गर्दै आएका जगदीश प्रसाद अर्यालले बैंकको यस्तो व्यवहार उचित नभएको बताउछन्। भ्रामक प्रचार प्रसार वा विज्ञापन जारी गरी अनुचित लाभ लिने प्रयासको समयमै छानबिन हुनु जरुरी छ, उनले भने।

पहुँच र भनसुनका आधारमा एकाधले उक्त बचत योजनाको लाभ पाए पनि धेरैजसो बचतकर्ता पत्यार लाग्दो पर्खाईमा रहेको बुझिएको छ।

प्रवन्धक यादवले डायमण्ड बचत योजना अन्तर्गत साहले पाउनुपर्ने उपचार खर्चकालागि सम्पूर्ण कागजात बैंकको केन्द्रीय कार्यालयमा पठाइसकिएको र भुक्तानीका लागि आफूले पहल गरिरहेको जनाएका छन्।

"यताबाट गर्नुपर्ने सबै काम पूरा गरेर केन्द्रमा पठाइसकेका छौं, प्रवन्धक यादवले भने, बैंकले सम्झौता गरेको वीमा कम्पनीका कारण ढिलाइ हुन गएको होला जस्तो लागेको छ ।" सो योजना अन्तर्गत बैंकले प्रोडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड सँग सम्झौता गरेको बताइएको छ।

> पहुँच र भनसुनका आधारमा एकाधले उक्त बचत योजनाको लाभ पाए पनि धेरैजसो बचतकर्ता पत्यार लाग्दो पर्खाईमा रहेको बुझिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८